घरपफोङ गाउँपालिका गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

घरपफोङ गाउँपालिका, मुस्ताङ

# घरपफोङ गाउँपालिकाको गाउँसभाको १८औं अधिवेशन

**मिति :** २०८३ साल आषाढ १० गते, बुधवार
**समय :** बिहानको ८:०० बजे
**स्थान :** घरपफोङ गाउँ कार्यपालिकाको कार्यालयको सभाहल

**उपस्थिति :**

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | गा.पा. अध्यक्ष | श्री मोहन सिंह लालचन | |
| २ | गा.पा. उपाध्यक्ष | श्री जमुना थापा मगर | |
| ३ | वडा अध्यक्ष | श्री आस बहादुर थकाली, १ नं. वडा | |
| ४ | वडा अध्यक्ष | श्री मन बहादुर हिराचन, २ नं. वडा | —— |
| ५ | वडा अध्यक्ष | श्री फलेन्द्र प्रसाद थकाली, ३ नं. वडा | |
| ६ | वडा अध्यक्ष | श्री याम प्रसाद थकाली, ४ नं. वडा | |
| ७ | वडा अध्यक्ष | श्री प्रदिप थकाली, ५ नं. वडा | |
| ८ | कार्यपालिका सदस्य | श्री राजु प्रसाद लालचन | |
| ९ | कार्यपालिका सदस्य | श्री भिषण थकाली | |
| १० | कार्यपालिका सदस्य | श्री अनिता घताने | |
| ११ | कार्यपालिका सदस्य | श्री बुद्ध हिराचन | |
| १२ | कार्यपालिका सदस्य | श्री रोजी थकाली | |
| १३ | कार्यपालिका सदस्य | श्री मणि सिरपाली, | |
| १४ | वडा सदस्य | श्री जैकला वि.क. | |
| १५ | वडा सदस्य | श्री दुर्गादेवी रसाईली | |

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | |
|---|---|---|---|
| १६ | वडा सदस्य | श्री चक्र सिंह थकाली | |
| १७ | वडा सदस्य | श्री हरि प्रसाद लालचन | |
| १८ | वडा सदस्य | श्री विर प्रसाद थकाली | |
| १९ | वडा सदस्य | श्री सुजिता शेरचन | |
| २० | वडा सदस्य | श्री सरिता नेपाली | |
| २१ | वडा सदस्य | श्री विजय शेरचन | |
| २२ | वडा सदस्य | श्री आनन्द गुरुङ | |
| २३ | वडा सदस्य | श्री लक्ष्मी कुमारी थकाली | |
| २४ | वडा सदस्य | श्री मञ्जु वि.क. | |
| २५ | वडा सदस्य | श्री आइत बहादुर थकाली | |
| २६ | वडा सदस्य | श्री कृष्ण प्रसाद थकाली | |
| २७ | सचिव | श्री भिम कुमार बस्नेत | |

घरपझोङ गाउँपालिका

# गाउँसभाको सचिवालय

पत्र संख्याः२०८२/०८३
चलानी नं.

गण्डकी प्रदेश, नेपाल

## गाउँसभाको १८औं अधिवेशन बैठकको कार्यसूची

मिति: २०८३।३।१० गते, बुधवार

समय: विहान ८:००

| क.सं. | समय | कार्यसूची | प्रस्तुतकर्ता |
|---|---|---|---|
| १. | विहान ८:०० | अध्यक्षले गाउँ सभाको १८औं अधिवेशन आह्वान गरेको पत्रको व्यहोरा सभामा वाचन गरेर जानकारी गराउने | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| २. | विहान ८:३० | अधिवेशनको सफलताको शुभकामना मन्तव्य | सदस्य श्री वीर प्रसाद थकाली<br>सदस्य श्री दुर्गादेवी रसाईली |
| ३. | विहान ८:४५ | प्रमुख अतिथिको शुभकामना मन्तव्य | जिसस प्रमुख श्री माया गुरुङ |
| ४. | विहान ९:१५ | आर्थिक बर्ष २०८३।८४ को नीति तथा कार्यक्रम प्रस्तुती छलफल र निर्णयार्थ पेश | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| ५. | विहान १०:१५ | आर्थिक बर्ष २०८३।८४ को आर्थिक विधेयक, २०८३ तथा विनियोजन विधेयक, २०८३ सभामा प्रस्तुती, छलफल र निर्णयार्थ पेश | उपाध्यक्ष श्री जमुना थापा मगर |
| ६. | विहान ११:१५ | कालीगण्डकी नदीको दहत्तर बहत्तरको संकलन गर्नको लागि प्रस्ताव पेश सम्बन्धमा | उपाध्यक्ष श्री जमुना थापा मगर |
| ७. | विहान ११:३० | चालु आ.ब. मा गाउँ कार्यपालिकाबाट निर्णय भई कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरुको अनुमोदन गर्ने सम्बन्धी प्रस्ताव | उपाध्यक्ष श्री जमुना थापा मगर |
| ८. | दिनको १२:०० | विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउने सघसंस्था तथा व्यक्तिलाई सम्मान तथा प्रशंसा पत्र प्रदान गर्ने | सभाध्यक्ष श्री मोहन सिंह लालचन |
| ९. | दिनको १२:४५ | शोक प्रस्ताव | सभाध्यक्ष श्री मोहन सिंह लालचन |
| १०. | दिनको ०१:०० | १८औं अधिवेशनको समापन | सभाध्यक्ष श्री मोहनसिंह लालचन |

मोहन सिंह लालचन
अध्यक्ष

"घरपझोङको समृद्धि : कृषि पर्यटन र संस्कृति"

४४००१६, email: gharapjhongrmunicpality@gmail.com, website: www.gharapjhongmun.gov.np

घरपझोङ गाउँपालिका

# गाउँसभाको १८औं अधिवेशनका निर्णयहरु

मिति २०८३।३।१० गते

**कार्यसूची १ बमोजिमको निर्णय :-**

कार्यसूची १ बमोजिम सभाध्यक्ष श्री मोहन सिंह लालचनज्यूले गाउँसभाको १८औं अधिबेशन आह्वान गरेको मिति २०८३।३।३ गतेको पत्रको व्यहोरा वाचन गरी सभामा जानकारी गराउनु भयो ।

**कार्यसूची २ बमोजिमको निर्णय :-**

यस गाउँपालिकाको गाउँसभाको १८औं अधिबेशनमा गाउँसभा सदस्य श्री वीर प्रसाद थकालीज्यू र गाउँसभा सदस्य श्री दुर्गा देवी रसाईलीज्यूले अधिवेशनको सफलताको शुभकामना मन्तव्य दिनु भयो ।

**कार्यसूची ३ बमोजिमको निर्णय :-**

यस गाउँपालिकाको गाउँसभाको १८औं अधिवेशनमा प्रमुख अतिथि जिल्ला समन्वय समिति, मुस्ताङका प्रमुख श्री माया गुरुङज्यूले अधिवेशनको सफलताको शुभकामना मन्तव्य दिनु भयो ।

प्रमुख अतिथि जिल्ला समन्वय समिति, मुस्ताङका प्रमुख श्री माया गुरुङज्यूले गाउँसभाको अधिवेशनमा दिनु भएको शुभकामना मन्तव्यको लागि सभाध्यक्षज्यूबाट धन्यवादको प्रस्ताव राख्नु भएकोमा सर्वसम्मतबाट स्वीकृत भयो ।

**कार्यसूची ४ बमोजिमको निर्णय :-**

गाउँसभाका सभाध्यक्ष श्री मोहन सिंह लालचनज्यूले आगामी आर्थिक बर्ष २०८३।८४ को घरपझोङ गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, २०८३ गाउँसभामा प्रस्तुत गर्नु भयो । बार्षिक नीति तथा कार्यक्रम, २०८३ को समर्थनमा गाउँसभा सदस्य श्री भिषण थकालीले आफ्नो भनाईहरु राख्नु भयो ।

सभाध्यक्षज्यूबाट भनाई राख्नका लागि समय उपलब्ध गराउँदा अन्य सदस्यहरुबाट कुनै किसिमको भनाईहरु नराख्नु भएकोले गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, २०८३ निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले स्वीकृत भयो । गाउँपालिकाको आर्थिक बर्ष २०८३।८४ को बार्षिक नीति तथा कार्यक्रम, २०८३ को पूर्णपाठ तपसिल बमोजिम रहेको छ ।

## घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम

घरपझोङ गाउँसभाका सदस्यज्यूहरु,

नेपालको ऐतिहासिक आवश्यकताको प्रतिफल स्वरुप निरन्तरका आन्दोलनको बल समेतबाट गठित जननिर्वाचित संविधानसभाले लोकतान्त्रिक ढंगबाट बनाई जारी गरेको नेपालको संविधानद्वारा स्थानीय तहहरु गठन भएपश्चातको दोस्रो स्थानीय सरकार प्रमुखको हैसियतले यस अघिका वार्षिक नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गर्दै यो अन्तिम वार्षिक नीति तथा कार्यक्रम यस स्थानीय व्यवस्थापिका अर्थात् यस सम्मानित घरपझोङ गाउँ सभा समक्ष प्रस्तुत गर्न पाउँदा म अत्यन्तै हर्षित महसुस गर्दछु ।

मुलुक अब स्रोत-साधन मात्र नभएर अधिकार तथा पहुँच र लाभ तथा अवसर समेतको समन्यायिक वितरण मार्फत् दिगो एवं सन्तुलित आर्थिक वृद्धि हासिल गर्दै आर्थिक विकास तथा चौतर्फी समृद्धिको दिशातर्फ अग्रसर भई दत्तचित्त रुपमा अगाडि बढ्नुपर्ने बेला भएको छ । यो झिनामसिना असहमति र मतभेद कोट्याएर आवेगमा आउने वा प्रतिशोध साँध्ने बेला हुँदै होइन बरु विगतबाट सिक्दै भविष्यलाई सम्झिएर एकताबद्ध र प्रतिबद्ध भई राष्ट्र निर्माणको दूरगामी मार्गचित्र कोर्दै विकासको राजमार्गमा गुड्ने गतिलाई अझ तेज बनाउने बेला हो । यो सङ्घीय सरकारले अघि सारेको सुशासन र समृद्धिको खाकासँगै भाका मिलाएर अघि बढ्ने बेला हो ।

यस्तो महत्वपूर्ण घडीमा कुनै पनि बहानामा कुनै पनि सकारात्मक विकासशील एजेन्डाप्रति विमति जाहेर गर्नु, कार्यान्वयनमा विलम्ब गर्नु वा गर्न खोज्नु आफ्नै खुट्टामा बञ्चरो हान्नु सरह मात्रै होइन, आफ्नै हातबाट कलंकको टीका लगाई विकास र परिवर्तनको खलनायकका रुपमा आफूलाई उभ्याउने दुष्कर्म गर्नु पनि हो । त्यसर्थ, हामी सदैव राष्ट्र र जनताप्रतिको गम्भीर जिम्मेवारी बोध गर्दै अगाडि बढ्नेछौं भन्नेमा म विश्वस्त एवं आशावादी छु ।

अब म आर्थिक वर्ष २०८३/८४ का लागि घरपझोङ गाउँपालिकाको १०० बुँदे समग्र वार्षिक नीति तथा कार्यक्रम  प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

गाउँसभा सदस्यज्यूहरु,

१. देश विभिन्न समयका राजनैतिक-सामाजिक आन्दोलनको फलस्वरुप संघीय शासन प्रणालीको जगमा टेकेर ऐतिहासिक अविकास, कुशासन र पछौटेपनको श्रृङ्खलाबाट उन्मुक्ति पाउने आशाका साथ सुशासन, समृद्धि तथा समुन्नतिको समुज्वल गन्तव्यतर्फको नवीन प्रस्थानबिन्दुमा उभिएको छ । मुलुक आजको अवस्थासम्म आइपुग्नु भनेको सम्पूर्ण जनताको परिवर्तनप्रतिको तीव्र मोह तथा व्यग्र आकुलताको मात्र होइन देशको शासन प्रणालीमै कायापलट एवं उलटपुलट ल्याउने गरी देशको भलो चिताउँदै आफ्नो अमूल्य जीवन दाउमा राखी आन्दोलनमा होमिने एवं प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात/अज्ञात सहीदहरु र अन्य योद्धाहरुको उच्च त्याग र संघर्षको प्रतिफल हो । त्यसैले, घरपझोङ गाउँपालिका वहाँहरु प्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक नमन गर्न चाहन्छ ।

२. घरपझोङ गाउँपालिका संघीयताको महत्वपूर्ण आधारशीलाको रुपमा रहेका र नेपालको संविधानले नै निर्दिष्ट गरेका बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक शासन व्यवस्था, सामाजिक न्याय सहितको समावेशी-समानुपातिक प्रतिनिधित्व प्रणाली, धर्म निरपेक्षता, विधिको शासन, नागरिकका सर्वाङ्गीण विषयक्षेत्रसँग सम्बन्धित व्यापक मौलिक हक तथा अधिकार, नागरिक स्वतन्त्रता, मानव अधिकार जस्ता आधारभूत तथा अति महत्वपूर्ण विषयहरुलाई आत्मसात् गर्दै स्थानीय सरकारको हैसियतले गाउँपालिकाबाट सम्पादन हुने प्रत्येक क्रियाकलापमा उल्लिखित विषयका साथसाथै संविधान र अन्य प्रचलित कानुनले सुनिश्चितता प्रदान गरेका हरेक विषयवस्तुको वस्तुनिष्ठ कार्यान्वयनलाई प्रतिविम्बित गर्नु र नेपाल सरकारले अघि सारेका शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको सफल कार्यान्वयन गर्नु आफ्नो आधारभूत जिम्मेवारी तथा जवाफदेहिता ठान्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

सिंह लालचन

३. गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र पर्ने ऐन, नियम, कार्यविधि आदि बनाउने तथा नीति तथा योजना तर्जुमा एवं कार्यान्वयन गर्ने सिलसिलामा नेपालको संविधानलाई मूल कानुन तथा मूल नीतिको रुपमा आत्मसात गर्दै उच्च ढंगले पालना गर्दै अगाडि बढ्नेछ । यसका अलावा नेपाल सरकार, गण्डकी प्रदेश सरकार तथा घरपझोङ गाउँपालिकाका आवधिक योजनाहरु, सहस्राब्दी विकास लक्ष्यको मर्म तथा दिगो विकास लक्ष्यका अन्तर्वस्तुहरु एवं विकासका मार्गचित्रहरु समेतलाई आधार मानी तिनीहरुवीच आवश्यक लिङ्केज कायम गर्ने विषयलाई प्राथमिकताका साथ ग्रहण गरिनेछ ।

४. सङ्घीय प्रतिनिधिसभाको हालै सम्पन्न निर्वाचन एवं सङ्घ, प्रदेश र स्थानीय तहका राजनैतिक घटनाक्रमहरुको समीक्षा मार्फत् प्राप्त पाठबाट सिक्दै गाउँपालिकाको समग्र हितसँग जोडिएका विषयहरुमा राजनैतिक आग्रह-पूर्वाग्रह नराखी "शून्य परिणामको खेल" नखेली 'समृद्धिका लागि राजनीति : त्यसैले, राजनीति भन्दा माथि समृद्धि÷को नीतिलाई जुनसुकै मूल्यमा लागू गरिनेछ ।

५. जननिर्वाचित पदाधिकारी र कर्मचारीतन्त्रबीचको सुमधुर सम्बन्धलाई आपसी हातेमालो मार्फत् अझ प्रगाढ बनाउँदै सामूहिक प्रयत्नबाट विकासका अपेक्षित प्रतिफल हासिल गर्नका लागि 'प्रशासन र राजनीति : प्रतिस्पर्धी होइन साथी÷ को नीति लिइनेछ ।

६. घरपझोङ गाउँपालिकाको दीर्घकालीन सोच "घरपझोङको समृद्धिः कृषि, पर्यटन र संस्कृति" लाई योजनाबद्ध हिसाबले कार्यान्वयन गर्दै गाउँपालिकाको समग्र, दिगो एवं दीर्घकालीन महत्वको रणनैतिक विकासको लागि आवश्यक गाउँपालिका स्तरीय पर्यटन गुरुयोजना, कृषि गुरुयोजना एवं भौतिक/अभौतिक संस्कृति/सम्पदा संरक्षणसम्बन्धी नीति निर्माण गर्न आवश्यक अध्ययन तथा परामर्शको कार्य यसै आर्थिक वर्षदेखि सुरुवात गरिनेछ। सो को लागि आवश्यक परेमा विभिन्न क्षेत्रसँग सम्बद्ध विज्ञहरुको समूह करारमा लिई कार्य अगाडि बढाइनेछ ।

७. कर्मचारी तथा शिक्षकहरुको कार्यक्षमता, कार्यदक्षता, कार्यकुशलता तथा कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ट कर्मचारी तथा शिक्षकहरुलाई उत्प्रेरणा प्रदान गर्दै समग्र गाउँपालिकाकै उत्पादकत्व तथा Performance अभिवृद्धि गर्न "रिवार्ड एण्ड रिफर्म (Reward and Reform)" को नीति लिइनेछ । शिक्षक तथा कर्मचारीको ज्येष्ठतालाई सम्मान गर्दै ज्येष्ठता भन्दा कार्यक्षमता तथा कार्यसम्पादन स्तरलाई आधार मानी मूल्याङ्कन गरिनेछ । कर्मचारी व्यवस्थापन गर्दा सार्वजनिक, निजी र फौजी व्यवस्थापनका सकारात्मक विशेषताहरुको अवलम्बन गरी (Trimetric Management) को अवधारणा लागू गरिनेछ । कर्मचारी तथा शिक्षकहरुबाट अनियमित, अनियन्त्रित तथा अनुशासनहीन कार्य भए/गरेको पाइएमा जुनसुकै हालतमा आवश्यक कारवाहीको दायरामा ल्याइनेछ ।

८. योजना/आयोजना सञ्चालन तथा कार्यालयका अन्य कार्य सञ्चालनमा नियमानुसार पारदर्शिता कायम गरी अपेक्षित लक्ष्य प्राप्त गर्न र विकासको गतिलाई तीव्रता दिनका लागि "शून्य भ्रष्टाचार : शत प्रतिशत विकास (Zero Corruption : 100% Development)" को नीतिलाई कडाइका साथ निरन्तरता दिइनेछ ।

९. देशमा लामो समयदेखि व्यक्त वा अव्यक्त रुपमा तथा दृश्य वा अदृश्य रुपमा रहेको कार्यकर्ता खुसी पार्ने राजनीतिलाई यस गाउँपालिकाबाट पूर्णतः हटाउँदै जनता तथा भावी पिँढीलाई सुखी तथा खुसी बनाउने राजनीतिको सूत्रपात गर्नका लागि 'कार्यकर्तामुखी होइन जनतामुखी राजनीति÷ को नारा सहित कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ

१०. गाउँपालिकाबाट सम्पादन हुने न्यायिक कार्यहरुमा राजनैतिक वा व्यक्तिगत आग्रह-पूर्वाग्रहको शून्य प्रभाव कायम गरी कुनै पनि जातजाति, धर्म, वर्ण, लिङ्ग, वर्ग, पेशा वा आस्था आदिको आधारमा भेदभाव नगरी पीडितलाई न्याय प्रदान गर्न 'सबैलाई न्याय : सधैंलाई न्याय÷ को नीति अवलम्बन गरिनेछ ।

११. विश्वव्यापी रुपमा भइरहेको जलवायु परिवर्तनका कारणले हिमाल र हिमाली क्षेत्रमा भइरहेको असर र क्षतिका सम्वन्धमा स्थानीय तहहरुको एकीकृत आवाज र संयुक्त ऐक्यबद्धतामार्फत् नेपाल सरकार र अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गर्ने तथा जलवायु परिवर्तनका असर न्यूनीकरण एवं अनुकुलनका उपाय/रणनीति तय गर्ने उद्धेश्यले आवश्यकता र अवस्था अनुसार गण्डकी प्रदेश सरकार तथा नेपाल सरकारका प्रतिनिधिहरु र ७५३ वटै स्थानीय तहहरुको सहभागिता र घरपझोङ गाउँपालिकाको आयोजनामा "जलवायु परिवर्तन सम्मेलन" आयोजना गरिनेछ ।

१२. गाउँपालिका क्षेत्रभित्र सुरक्षा व्यवस्था सुधार गर्दै शान्ति-सुव्यवस्था कायम गरी जनताको जीउधनको रक्षा गर्ने र पर्यटकहरुलाई सुरक्षाको प्रत्याभूति दिलाउने दायित्व पूरा गर्न 'प्रविधिजन्य पूर्वाधार : नागरिक र पर्यटकको सुरक्षाको आधार÷ भन्ने नाराका साथ गाउँपालिकाका मुख्य बजार क्षेत्र र अन्य संवेदनशील क्षेत्रहरुमा सिसिटीभी जडानको कार्यलाई निरन्तरता दिइनेछ।

१३. गाउँपालिका क्षेत्रभित्रको बढ्दो ट्राफिक चाप एवं बढ्दो सडक दुर्घटनालाई न्यूनीकरण गर्न आवश्यक सचेतना कार्यक्रम सञ्चालन गर्ने, सडकमा डिभाइडर/ट्राफिक कोनहरु राख्ने, सडक छेउमा ट्राफिक संकेतहरु राख्ने एवं ट्राफिक प्रहरीलाई आवश्यक सहयोग उपलब्ध गराउने कार्यक्रम तय गरिनेछ । गाउँपालिका क्षेत्रभित्र जथाभावी पार्किङ गर्न दिइने छैन । जथाभावी पार्किङ गर्नेलाई दण्ड जरिवाना गर्ने कार्य यसै आर्थिक वर्ष देखि लागू गरिनेछ ।

१४. "उज्यालो घरपझोङ"को नीति कार्यान्वयनका गर्न सडकबत्तीको व्यवस्थापनका लागि आवश्यक योजना तथा कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१५. व्यवस्थित सहर/बजार निर्माणका लागि स्वच्छ खानेपानी, ढलनिकास, भित्री बाटोमा छपनी ढुंगा बिच्छ्याउने लगायतका सौन्दर्यीकरणका कार्य, कम चौडा बाटाहरुमा अग्नि नियन्त्रक प्वाइन्ट/एकाइ (Fire Extinguisher Point/Unit) लगायतका पूर्वाधारलाई प्राथमिकता दिइनेछ ।

गाउँसभा सदस्यज्यूहरु,

१६. जगतगुरु शङ्कराचार्यद्वारा प्राण प्रतिष्ठा गरिएको विश्वकै अग्लो शालग्राम अवस्थित पवित्र कालीगण्डकीको तट एवं अन्य उपयुक्त स्थानहरुमा स्वदेशी एवं विदेशी पर्यटकहरुलाई लक्षित गरी धार्मिक तथा पर्यटकीय पार्क निर्माण गरी पर्यटकको हब (Tourist Hub) बनाउनको लागि आवश्यक अध्ययन एवं डिजाइन गरी कार्यक्रम कार्यान्वयन गरिनेछ । गाउँपालिकामा निर्माणाधीन ठूलो साइजको होर्डिङ बोर्डको उपयोग गर्दै गाउँपालिका क्षेत्रभित्रका तथा भगिनी सम्बन्ध कायम भएका स्थानीय तहहरुका सांस्कृतिक तथा पर्यटकीय स्थल/गतिविधि समेतका आवश्यक विविध विषय, सामग्री, सूचना एवं जानकारीको प्रचार प्रसार गरिनेछ ।

१७. हिमाल र तालको अवस्थिति एवं सौन्दर्य, विशिष्ट भौगोलिक बनावटको विशेषता र अर्गानिक स्थानीय उत्पादनको स्वादलाई आर्थिक उन्नयनको औजारका रुपमा भरमग्दुर उपयोग गर्ने नीति लिइनेछ ।

१८. गाउँपालिका र समग्र मुस्ताङ जिल्लाकै पर्यटन प्रवर्द्धन एवं प्रचार प्रसारका लागि पर्यटन क्षेत्रमा विशेष योगदान गरेका, कीर्तिमान कायम गरेका, सामाजिक जीवनमा सक्रियतापूर्वक विशिष्ट योगदान गरेका,

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय

सामाजिक सञ्जाल तथा Platform मा सक्रिय एवं ख्याति कमाएका व्यक्तिलाई "मुस्ताङ घरपझोङ पर्यटन दूत" को रुपमा अनुबन्ध गर्न आवश्यक छलफल तथा समन्वयको प्रक्रिया अगाडि बढाइनेछ ।

१९. उच्च प्रतिफल युक्त, ठूला एवं आर्थिक सामाजिक दृष्टिकोणले महत्वपूर्ण पूर्वाधारमा प्राथमिकताका साथ लगानी केन्द्रित गरिनेछ । गाउँपालिकाको गौरवका आयोजनाहरु निरन्तर रुपमा क्रमशः अगाडि बढाइनेछ । योजनाको वस्तुनिष्ठ एवं पूर्वानुमानयोग्य कार्यान्वयनका लागि योजना कार्यान्वयनको वार्षिक क्यालेन्डर (Yearly Plan Implementation Calendar) बनाई लागू गरिनेछ ।

२०. जनताको आवश्यकता तथा माग समेतलाई ध्यान दिई गाउँपालिकाको दीर्घकालीन भविष्य निर्माणमा सकारात्मक योगदान गर्न सक्ने योजना/आयोजनाहरुको आर्थिक एवं प्राविधिक विश्लेषण पश्चात् कार्यान्वयनका लागि सम्भाव्य परियोजनाहरुको सूची बनाई आयोजना बैंक (Project Bank) तयार गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । आयोजनाको सम्बन्धमा बजेट माग तथा सिफारिस प्रदान गर्दा आयोजना बैंकमा समावेश भएका योजनालाई प्राथमिकता दिइनेछ ।

२१. नेपाली तथा भारतीय तीर्थालुहरुको लागि सात्विक एवं स्वयंपाक्य भोजनको व्यवस्थापनका लागि गाउँपालिकाका केही स्थानहरुमा पाकगृह/भोजनालय निर्माणको प्रबन्ध गर्न आवश्यक पहल गरिनेछ । शुद्ध शाकाहारी भोजनालय सञ्चालनका लागि व्यवसायीहरुसँग समेत आवश्यक समन्वय गरिनेछ ।

२२. जग्गा/जमिनको जथाभावी एवं मनलाग्दी उपयोगलाई निरुत्साहित गरिनेछ । भूमिहीन दलित, भूमिहीन सुकुम्वासी एवं अव्यवस्थित बसोबासीहरुका सम्बन्धमा नेपाल सरकारले लिने नीति कार्यान्वयनका लागि गाउँपालिका प्रतिबद्धता व्यक्त गर्दछ ।

२३. शिक्षा, स्वास्थ्य, पूर्वाधार, आर्थिक विकास, सेवा प्रवाह, वातावरण संरक्षण जस्ता अत्यावश्यकीय विषयक्षेत्रको लागि आवश्यक पर्ने र हालसम्म नबनेका आवश्यक वृहत्तर विषयक्षेत्रगत नीति बनाई लागू गर्दै जानेछ । सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरी नागरिकका प्रत्येक सुख, दुःखमा सक्दो सहयोग गर्ने गरी गाउँपालिका संवेदनशील हुनेछ र जनतालाई वास्तविक रुपमै सरकारको उपस्थितिको आभास दिलाउने नीतिलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।

२४. उपभोक्ता समिति तथा ठेकेदारहरुको कार्यसम्पादन मूल्याङ्कन गरी निर्धारित समय भन्दा अगावै गुणस्तरीय ढंगले तोकिएको इष्टिमेट बमोजिमको कार्य सम्पन्न गर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुमध्येबाट उत्कृष्ट उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई उचित पुरस्कार वा प्रोत्साहनको व्यवस्था गर्ने नीति लिइनेछ ।

२५. संविधान तथा आवधिक योजनाले परिकल्पना गरेको समाजवादमा आधारित शासनव्यवस्था तथा समाजवाद उन्मुख अर्थव्यवस्थालाई साकार पार्नका लागि नागरिकको आर्थिक अवस्था सम्बन्धी तथ्याङ्क संकलन गरी आयस्रोत तथा आर्थिक अवस्थाको आधारमा परिचयपत्र वितरण गर्ने नीति लिइनेछ र अति विपन्न परिवारको जीवनयापनमा सहजता कायम गर्नका खातिर अत्यावश्यकीय उपभोग्य सामानको सुपथ मूल्य पसल सञ्चालन गर्ने विषयमा आवश्यक अध्ययन गरिनेछ ।

२६. रचनात्मक, सकारात्मक तथा दीर्घकालीन सोचका साथ उन्नति, प्रगति एवं समृद्धिको मार्गचित्र तय गरी योजनाबद्ध तरिकाले अगाडि बढ्न गाउँपालिकाको डिजिटल/विद्युतीय/सफ्टवेयरयुक्त प्रोफाइल (Digital Electronic/Software Based Profile) लाई समयानुसार अपग्रेड गरी योजना तर्जुमाका लागि आवश्यक सम्पूर्ण तथ्याङ्कहरु चाहिएको बेला पाइने अवस्था निर्माण गरिनेछ ।

२७. स्वरोजगार एवं उद्यमशील बन्न चाहने नागरिकहरुका लागि सम्भाव्य जनशक्तिको पहिचान गरी ड्राइभिङ, मोबाइल मर्मत, इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल्स, ब्युटी पार्लर, कुक, होटल म्यानेजमेन्ट, सिकर्मी, डकर्मी, उद्घोषण, माटोको हस्तकला जस्ता सीपमूलक तालिमका अलावा गाउँ/टोल/वस्ती स्तरबाट माग भई आएका र गाउँपालिकाले यसपछाडि पहिचान गर्न सक्ने आवश्यक सीपमूलक तालिम र वैदेशिक रोजगारीमा जाने व्यक्ति तथा तिनका आश्रित परिवारलाई वित्तीय साक्षरता सम्बन्धी शिक्षा/तालिम दिने कार्यक्रम क्रमशः लागू गर्दै अगाडि बढिनेछ ।

२८. सूचना तथा सञ्चार प्रविधि तर्फ हुलाकमा आधारित सञ्चार प्रणालीलाई पूर्णतः विस्थापन गर्ने नीति लिइनेछ । सूचना प्रकाशनलाई पूर्णतः अनलाइन बनाइनेछ । सार्वजनिक स्थलहरुमा Free Wi-Fi को व्यवस्था गर्ने विषयमा आवश्यक अध्ययन गरी आवश्यक नीति तथा कार्यक्रम बनाई बजेट विनियोजन गर्दै लगिनेछ ।

२९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र-सरकारी संघसंस्थाहरुको बजेटबाट योजना तथा कार्यक्रममा डुप्लिकेसन हुन नदिन, झारो टार्ने किसिमका कर्मकाण्डी कार्यक्रमलाई दुरुत्साहन गर्न तथा तिनका अनावश्यक, अतिरञ्जित एवं प्रचारमुखी गतिविधिलाई नियन्त्रण गरी आवश्यकतामा आधारित र औचित्य पुष्टि हुने क्षेत्र एवं कार्यमा खर्च गर्न उपर्युक्त किसिमका संघसंस्थाको बजेट रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरेर मात्र खर्च गर्न पाइने नीति लिइनेछ र आवश्यक कार्यविधि बनाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

गाउँसभा सदस्यज्यूहरु,

३०. गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय क्षेत्र तथा स्थलहरुको पहिचान एवं थप विकास गरी छिमेकी जिल्ला तथा गाउँपालिकाका पर्यापर्यटकीय क्षेत्र, साहसिक पर्यटकीय क्षेत्र, पदयात्रा पर्यटकीय क्षेत्र तथा धार्मिक/तीर्थालु पर्यटकीय क्षेत्रहरुलाई समेत समावेश गरी 'एकीकृत पर्यटन सर्किट (Integrated Tourism Circuit) को स्थापनाका लागि आवश्यक पहल गरिनेछ । उत्तरी छिमेकीको सीमा नजिक दक्षिणी छिमेकी पर्यटकहरुको वर्तमान संख्या आफैंमा उदाहरणीय विषय हो । यसको बढोत्तरीका लागि आवश्यक उपाय अवलम्बन गरिनेछ ।

३१. पर्यटकहरुको संख्या बढोत्तरी गर्न हाल प्रचलित नवीनतम प्रचारशैलीहरुलाई व्यापक रुपमा अवलम्बन गरिँदै जानेछ । पर्यटन प्रवर्द्धनका लागि सम्भावित र आवश्यक क्षेत्रमा सडक यातायात विस्तार गरिनेछ र यसरी सडक निर्माण गर्दा वातावरणीय सन्तुलन र स्थानीय संस्कृति एवं विशेषतालाई विशेष ख्याल गरिनेछ।

घरपझोङको प्रवेशद्वारमा पर्यटन सूचना केन्द्र स्थापना गरी सोही स्थानबाट गाउँपालिका क्षेत्रभित्र रहेका होटल तथा होमस्टेहरुको बुकिङको अवस्था समेत जानकारी गराउने व्यवस्थाका लागि आवश्यक अध्ययन गरिनेछ । गाउँपालिकाका अन्य गाउँ/बस्तीमा समेत होमस्टे (Home Stay) सञ्चालन तथा प्रवर्द्धनका लागि आवश्यक अध्ययन गरी कार्य अगाडि बढाइनेछ । हाल सञ्चालनमा रहेका होमस्टे (Home Stay) लाई स्मार्ट भिलेज (Smart Village) बनाउनका लागि आवश्यक पहल गरिनेछ ।

३२. होमस्टेका माध्यमबाट स्थानीय परिकार तथा रहनसहन र संस्कृतिको संरक्षण एवम् सम्वर्द्धन गर्न व्यवसायीहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ । स्थानीय थकाली परिकारहरुको प्रचार प्रसार गरिनेछ । होमस्टे तथा होटल व्यवसायलाई सक्षम र प्रभावकारी बनाउन आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

... लालचन

घरपझोङ गाउँपालिका

३३. दुग्धजन्य एवं मासुजन्य पदार्थको सघन उत्पादन तथा बिक्रीवितरण गरी पशुपालक कृषकहरुको जीवनस्तर उकास्नको लागि आवश्यक कार्यक्रम अगाडि बढाइनेछ । 'गोठदेखि ओठसम्म स्वच्छ र स्वस्थ दूध, बधशालादेखि भान्सासम्म स्वच्छ र स्वस्थ मासु÷ भन्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि आवश्यक नीति बनाई कार्यान्वयन गरिनेछ । दूग्धजन्य पदार्थमा आत्मनिर्भर बन्न आवश्यक नीति लिइनेछ ।

३४. गाउँपालिका क्षेत्रभित्रका सानो उमेरका बालबालिका, अपाङ्गता भएका व्यक्ति, महिला, दीर्घरोगी, अशक्त एवं ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी प्रदेश अस्पतालसँगको समन्वय एवं सहकार्यमा 'घर नै अस्पताल : घरमै डाक्टर÷ भन्ने नाराका साथ प्रत्येक गाउँमा उपाध्यक्षसँग स्वास्थ्य शिविर कार्यक्रम अन्तर्गत समय-समयमा घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने नीति लिइनेछ ।

३५. गर्भवती तथा सुनौलो हजार दिनको मापदण्ड भित्र पर्ने आमाहरुको तथ्याङ्क समय-समयमा संकलन गरी आवश्यक पोषण प्रोत्साहन भत्ता प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनुका साथै स्वास्थ्य संस्थाहरुमा आमा तथा बच्चाको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ । नेपाल सरकारद्वारा स्वीकृत बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ ।

३६. सिंचित क्षेत्र विस्तार गरी वर्षैभरि सम्पूर्ण कृषि योग्य भूमिमा सिंचाई सेवा उपलब्ध गराउन सिंचाईका सम्भाव्य सबै प्रविधि र प्रणालीको विकास तथा व्यवस्थापन गर्न पहल गरिनेछ ।

३७. खानेपानीको मुहान संरक्षणलाई उच्च प्राथमिकता दिइने छ । कुनैपनि किसिमका निर्माण कार्य वा अन्य क्रियाकलापसँग सम्बन्धित कार्य वा निजी कार्य गर्दा खानेपानीको मुहानमा असर नपर्ने गरी सञ्चालन गर्ने नीति कडाइका साथ कार्यान्वयन गरिनेछ । खानेपानीको मुहानलाई असर पर्ने वा क्षति हुने किसिमका योजना/आयोजनाहरु स्वीकृत गरिने छैन ।

३८. गाउँपालिका क्षेत्रमा सार्वजनिक तथा निजी लगानी आकर्षित गर्नका लागि लगानीमैत्री वातावरणको निर्माण गरिनुका साथै लगानीकर्तालाई सबै किसिमको सुरक्षाको प्रत्याभूति दिलाइनेछ । गाउँपालिकाको आफ्नै लगानीमा मात्र निर्माण गर्न नसकिने सम्भाव्य योजनाहरुमा आवश्यकता अनुसार सार्वजनिक-सार्वजनिक साझेदारी (Public Public Partnership) र सार्वजनिक-निजी साझेदारी (Public Private Partnership) दुवै नीति अवलम्वन गरिनेछ ।

३९. कृषि, पशुपालन तथा पर्यटनमा स्नातकोत्तर वा विद्यावारिधिको शोधकार्य गर्न आउने शोधार्थीहरुलाई आवश्यक सहजीकरण गरिनेछ । दाना उत्पादन, साइलेज तयारी तालिम लगायतका तालिम प्रदान गर्नका लागि आवश्यक बजेटको व्यवस्था गर्दै लगिनेछ ।

४०. म्याद गुज्रेका औषधि, खाद्यपदार्थ एवं पेय पदार्थबाट मानव स्वास्थ्यमा हुने हानिलाई रोक्न नियमित रुपमा बजार अनुगमनको व्यवस्था मिलाइनेछ ।

४१. गाउँपालिका क्षेत्रभित्रका नागरिकहरुको आकस्मिक स्वास्थ्य समस्यासँग जुध्नको लागि आवश्यक प्रबन्ध मिलाइनेछ । गाउँपालिकामा एम्बुलेन्सको व्यवस्था गर्नका लागि सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ । High Altititude Sickness को समस्या समेतलाई मध्यनजर गर्दै पोर्टेबल अक्सिजन सिलिन्डर (Portable Oxygen Cylinder) खरिद गर्ने कार्य अगाडि बढाइनेछ ।

४२. नागरिकको स्वास्थ्य तथा सरसफाइलाई विशेष महत्व दिई प्रत्येक वडा तथा टोलहरुमा रहेका सार्वजनिक स्थलहरुमा सार्वजनिक धारा र सार्वजनिक शौचालयको निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । खुला व्यायामशाला व्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ ।

सिंह लालचन

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय

१३. योजना तथा कार्यक्रम कार्यान्वयनमा हुने ढिलासुस्ती, अनियमितता तथा अटेरी प्रवृत्तिलाई रोकी निर्धारित समयमै सम्पूर्ण आयोजना/योजनाहरुको कार्य सम्पन्न गराई पूँजीगत खर्च गर्न सक्ने क्षमता अभिवृद्धि गर्न अनुगमन समिति लाई सक्रिय रुपमा परिचालन गर्ने नीति लिइनेछ । साथै वडा एवं गाउँ/टोल/बस्ती स्तरमा नागरिक निगरानी समूह गठन गरी योजनासँग सम्बन्धित गोप्य एवं महत्वपूर्ण सूचनाहरु नियमित रुपमा संकलन गर्ने भरपर्दो व्यवस्था मिलाई सो समेतको आधारमा योजना कार्यान्वयनका लागि आवश्यक कदम चालिनेछ ।

१४. गाउँपालिका क्षेत्रभित्रका गुम्बा, मन्दिर, चर्च जस्ता धार्मिक स्थलहरुको संरक्षण एवं सम्वर्द्धन तथा स्थानीय जातजातिको भेषभूषा र संस्कृतिको संरक्षण गर्न आवश्यक नीतिहरु बनाइनेछ र हाल कायम विविध धर्म तथा जातजातिवीचको उच्चकोटीको एकता एवं सामाजिक सद्भावलाई निरन्तरता दिने एवं प्रवर्द्धन गर्ने नीति लिई अझ प्रगाढ बनाइनेछ ।

गाउँसभा सदस्यज्यूहरु,

१५. गाउँपालिका क्षेत्रभित्र आयुर्वेदिक उपचार विधिलाई क्रमशः प्रवर्द्धन गर्दै लगिनेछ र त्यसका लागि आवश्यक नीति बनाई योग तथा ध्यानलाई जीवनको अभिन्न विषय बनाउने गरी तत्कालीन तथा दीर्घकालीन रणनीति तय गरिनेछ ।

१६. घर नक्सा सम्वन्धी मापदण्डको कार्यविधिमा आवश्यक संशोधन समेत गरी कडाइका साथ लागू गरिनेछ । घरको बाहिरी सजावटको लागि लगाउनु पर्ने रङ समेत किटान गरी सो को लागि आवश्यक अनुदान उपलब्ध गराउने नीति लिइनेछ । साथै सार्वजनिक जग्गा एवं सम्पत्तिको एकीकृत लगत राखी सार्वजनिक जग्गामा रहेका सरकारी कार्यालय समेतका भवनहरु आफ्नो-आफ्नो कार्यालय वा गाउँ कार्यपालिकाको कार्यालयको नाममा ल्याउन पहल गरिनेछ ।

१७. गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट प्रवाह हुने सेवाको गुणस्तर अभिवृद्धि गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनको लागि अत्यावश्यक शासकीय पूर्वाधारहरुको विकास गर्दै लगिनेछ र कम्प्युटरमा आधारित कार्यप्रणाली तथा डाटाबेसको निर्माण गर्दै घरपझोङ गाउँपालिकालाई मुस्ताङ जिल्लाकै पहिलो विद्युतीय शासनयुक्त गाउँपालिका बनाउनको लागि आवश्यक गुरुयोजना तयार गरी लागू गरिनेछ ।

१८. सेवा प्रवाहलाई आधुनिकीकरण गर्दै सेवाग्राहीहरुलाई सेवा लिनका लागि सहजीकरण गर्न आवश्यक संरचना निर्माण गरी सम्वन्धित कार्यक्रम लागू गरिनेछ । यसका लागि आवश्यक रहेका सम्पूर्ण कार्यालयहरुमा सहायता कक्ष (Help Desk) को निर्माण, टोकन प्रणाली तथा पालो व्यवस्थापन प्रणाली (Token System/Queue Management System), कम्प्युटरमा आधारित बिलिङ प्रणाली (Computerized Billing System), विद्युतीय हाजिरी (Biometric Attendance), मोबाइल लोकेसन ट्र्याकिङ प्रणाली (Mobile Location Tracking System), सामूहिक एस.एम.एस. प्रणाली (Group/Bulk SMS System), एप्लिकेसन निर्माण (Application Development), अनलाइन सेवा (Online Service), डिजिटल नागरिक बडापत्र (Digital Citizen Charter), अडियो नोटिस बोर्ड (Audio Notice Board), प्रतीक्षालय, शौचालय, अपाङ्गमैत्री तथा बालमैत्री संरचना निर्माण जस्ता कार्यलाई तदारुकताका साथ निरन्तर अगाडि बढाइनेछ ।

१९. घरपझोङ गाउँ कार्यपालिकालाई एक समृद्ध स्थानीय सरकारको रुपमा विकास गर्नका लागि यसको आन्तरिक स्रोत परिचालनका क्षेत्रहरुलाई अति सुक्ष्म रुपमा पहिचान गरी आन्तरिक आम्दानीमा बढोत्तरी

गर्नका लागि आवश्यक नीति तय गरिनेछ र कुनैपनि सरकारको स्थायित्वका साथै कुनै पनि राज्यको विकास तथा प्रगतिको मूल स्रोत राजश्व तथा कर नै हुने तथ्यलाई मनन गर्दै आफ्नो क्षेत्राधिकार भित्र पर्ने करको दायरालाई फराकिलो बनाउँदै करमा कडाइ गर्ने नीति लिइनेछ ।

३०. गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकहरुलाई आइपर्ने स्वास्थ्य समस्याको अध्ययन गरी आकस्मिक एवं आधारभूत स्वास्थ्य समस्या आइलागेमा के गर्ने ? के नगर्ने ? के-कस्ता लक्षण देखिएमा कुन रोग लागेको हुनसक्छ ? कुन रोग/विराम लागेमा के गर्नु हुने, के गर्नु नहुने ? के खान हुने, के खानु नहुने ? के-कस्ता घटनामा के-कसरी प्राथमिक उपचार गर्ने ? भन्ने जस्ता आधारभूत स्वास्थ्य सम्वन्धी अत्यावश्यकीय जानकारी सहितको पुस्तिका प्रकाशन गरी वितरण गरिनेछ ।

३१. गाउँपालिका क्षेत्रभित्र रहेका बुद्धिजीवी तथा विकास वा सार्वजनिक सेवा प्रवाहसम्बन्धी विषयमा लामो समय कार्य गरी अनुभव हासिल गरेका व्यक्तिहरुलाई समेटी प्रबुद्ध समूह निर्माण गर्ने, गाउँपालिका क्षेत्र भित्र वा बाहिर तथा देश भित्र वा बाहिर रहेका घरपझोङ गाउँपालिकाका शुभचिन्तकहरुलाई समेटी सद्भाव समूह निर्माण गर्ने, थप विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थानीय तह एवं निकायसँग भातृ/भगिनी सम्बन्ध स्थापना गरी सहयोग आदान-प्रदान गर्ने कार्यलाई निरन्तरता एवं प्राथमिकता दिइनेछ ।

३२. 'युवाका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद र स्वास्थ्यका लागि खेलकुद÷ भन्ने मूल नाराका साथ प्रत्येक वडामा खेलकुद सम्बन्धी पूर्वाधारको विकास गर्दै लगिनेछ र खेलकुदजन्य क्रियाकलाप सञ्चालन गरिनेछ।

३३. विपन्न, असहाय, विरामी, अशक्त एवं आवश्यक अन्य नागरिकहरुलाई सहयोग गरी परोपकारी गाउँपालिका निर्माणको अभियान सुरुवात गर्न 'नागरिक सहायता परोपकार कोष÷ मार्फत् परोपकारी कार्यमा सहयोग एवं खर्च गर्ने नीति यसै आर्थिक वर्ष देखि लिइनेछ । विपदमा परेका व्यक्ति परिवार र समुदायलाई राहत दिन विपद जोखिम व्यस्थापन कोष स्थापना गरी बजेट बिनियोजन गरिनेछ ।

३४. गाउँपालिकाको समृद्धिका लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुन सक्ने लाभ, अवसर र सम्भावनालाई खोजी गरी यस क्षेत्रको मात्रात्मक एवं गुणात्मक विकास गर्न एकीकृत नीति लिइनेछ । जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकहरुलाई समयसापेक्ष बनाउन आर्टिफिसियल इन्टेलिजेन्स (Artificial Intelligence) सम्बन्धी तालिम प्रदान गरिनेछ ।

३५. गाउँपालिकाका विभिन्न स्थानहरुमा बाल उद्यान एवं बालमैत्री पूर्वाधार निर्माण गरी गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गरिनेछ ।

३६. भू-क्षय एवं जलप्रवाहको उच्च जोखिमयुक्त क्षेत्रमा तटबन्ध निर्माणको कार्यलाई निरन्तरता दिइनेछ । जसबाट बस्तीको सुरक्षाका साथै वातावरण संरक्षणमा समेत योगदान पुग्ने अपेक्षा लिइएको छ ।

३७. लैङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक मूलप्रवाहीकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई विशेष प्रोत्साहन गरिनेछ ।

३८. लामो समयदेखि कुनै न कुनै रुपमा गरीबी, उत्पीडन, उपेक्षा, छुवाछुत र भेदभावको शिकार भई पछाडि र अन्यायमा परेका वर्ग, जाति तथा समुदायको शिर उठाउन अग्रसक्रिय समता (Proactive Equity) को नीति लिइनेछ र सबैखाले विकास योजना तथा क्रियाकलापहरुमा यो विषयलाई गम्भीरताका साथ प्राथमिकता दिइनेछ ।

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

५९. सार्वजनिक खरिदलाई प्रतिस्पर्धी, पारदर्शी र र गुणस्तरीय बनाउँदै लगिनेछ । आर्थिक प्रशासन तथा खरिद प्रशासनको क्षमता विकास तथा विस्तारको लागि आवश्यक तालिमको प्रबन्ध गरिनेछ । गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ ।

६०. गाउँपालिका क्षेत्रको मौसमजन्य अवस्थालाई समेत विचार गरी गाउँपालिकाका मुख्य चोक/बजार क्षेत्रमा यात्रुहरुका लागि सुविधाजन्य किसिमका डोम हाउस प्रतीक्षालय निर्माण गरिनेछ ।

६१. सरकारी सवारी साधनको प्रयोगको सन्दर्भमा प्राप्त भइरहेको जनगुनासो सम्बन्धमा आवश्यक सम्बोधन गर्न सवारी साधनको प्रयोगकर्ताको अनिवार्य सवारी चालक अनुमति पत्र भएको हुनुपर्ने र कार्यालयको काममा मात्र सरकारी सवारी साधन एवं चालक परिचालन गर्ने नीति लिइनेछ ।

६२. कार्यालयमा कामको चापको समयमा कर्मचारीहरु बिदा/काजमा बस्ने/जाने प्रवृत्ति बढिरहेको सन्दर्भमा यस्तो प्रवृत्ति नियन्त्रण गर्ने नीति लिइने छ । शाखा प्रमुख र वडा सचिवहरुले आ-आफ्नो कार्यविवरण अनुसारको कार्य गर्ने र प्राविधिक धारका कर्मचारीहरुले मासिक फिल्ड अनुगमन रिपोर्ट सहितको प्रमाणित कार्यसम्पादन प्रतिवेदन कार्यपालिकामा पेश गर्ने/ गराउने नीति लिइनेछ ।

६३. गाउँपालिकाको सञ्चित कोषबाट पारिश्रमिक भुक्तानी हुने सेवा करार तर्फका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रममा क्रमशः आवद्ध गर्दै लगिनेछ ।

६४. गाउँ कार्यपालिकाको कार्यालय तथा सम्पूर्ण वडा कार्यालयहरु र स्वास्थ्य संस्थाका विद्युतीय हाजिरीमा प्रयोग भएको सफ्टवेयर एकीकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली (Government Integrated Office Management System) को सर्भरसँग लिंक गर्न सूचना तथा प्रसारण विभागसँग आवश्यक समन्वय गरिनेछ ।

६५. कर्मचारी प्रशासन र जनप्रतिनिधिहरुमा सदाचारयुक्त संस्कृतिको विकास गर्न एवं व्यवहारमा सुधार ल्याउन पालना गर्नुपर्ने आचारसंहिता निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६६. कानुनअनुसार सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण र तेस्रो पक्ष मुल्याङ्कन जस्ता सूचनाको हक/गुनासो सम्बोधनका लागि प्रयोग हुने औजार प्रयोग गरी नागरिकको गुनासो सम्बोधन गरिनेछ ।

६७. घरपझोङ गाउँपालिकामा महालेखा परीक्षणद्वारा देखिएका बेरुजुको समयमै फछ्यौंट गर्न आन्तरिक नियन्त्रण प्रणालीको विकास गरी क्रमशः शुन्य बेरुजुको नीति अवलम्बन गरिनेछ । स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा उत्कृष्ट हुने गरी कार्य सम्पादन गर्ने नीति लिइनेछ ।

६८. गाउँपालिका क्षेत्रमा विकास निर्माण विपद व्यवस्थापन तथा राहत उद्धार, बजार अनुगमन, बजार सरसफाइ, ट्राफिक व्यवस्थापन जस्ता कार्यमा नगर प्रहरीको प्रभावकारी परिचालन गरिनेछ साथै नगर प्रहरीको कार्यसम्पादनका आधारमा प्रोत्साहन एवं कारवाही तथा करार सम्झौता आवश्यकता आधारमा नवीकरण गरिने नीति अवलम्बन गरिनेछ ।

६९. स्थानीय करको दायरा बढाउन को लागि व्यक्तिगत लेखा नम्बर (PAN) गाउँपालिकाबाटै उपलब्ध हुने व्यवस्थाको सुरुवात गर्ने साथै गाउँपालिकाको आन्तरिक राजस्व वृद्धिका लागि करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्दै गाउँपालिका क्षेत्र भित्रका सबै व्यवसायीलाई करको दायरामा ल्याउने प्रयास गरिनेछ ।

७०. भूमि प्रशासनका गाउँपालिकास्तरीय विविध समस्या समाधान गर्न मन्त्रालय, विभाग र जिल्ला स्थित कार्यालयहरुसँग समन्वय गरी समाधान गरिनेछ।

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

गाउँसभा सदस्यज्यूहरु,

३१. गाउँपालिका क्षेत्रभित्रका कृषि तथा पशुसेवा प्राविधिकहरुलाई कृषकहरुको घरमै गई सेवा प्रवाह गर्न उत्प्रेरित गरिनेछ र 'घरघरमा प्राविधिक÷ योजना अनुसार क्रमशः Mobile Team परिचालन गरी घरघरमै Mobile Service प्रदान गरिनेछ ।

३२. घरपझोङ कृषि रणनीति कार्यलाई प्रभावकारी बनाउदै कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक, किसान वर्गीकरण र परिचयपत्र वितरण कार्यक्रम सञ्चालनमा ल्याइनेछ । रैथाने बाली प्रवर्द्धनको लागि प्रवर्द्धन, मूल्य अभिवृद्धि एवंम् परिकार विविधिकरण तथा बजारीकरण गर्ने कार्यक्रमहरु अघि बढाइनेछ। स्थानीय कृषकलाई प्रोत्साहन स्वरुप कृषि भम्रण र उत्कृष्ट कृषक पुरस्कृत गर्ने नीति लिइनेछ । गाउँपालिका भित्र बालीनालीमा विषादी र रासायनिक मलको प्रयोगलाई क्रमशः न्यूनीकरण गर्दै लगिनेछ ।

३३. गोठेमलको प्रयोगलाई प्रवर्द्धन गर्नको लागि Waste Decomposer Liquid को प्रयोग गरी मलको गुणस्तरमा वृद्धि गरिनेछ। कृषकहरुको लागि आवश्यक कृषिजन्य तथा पशुजन्य औषधिहरु समयमै खरिद गरी उपलब्ध गराइनेछ ।

३४. मौरी पालनलाई थप व्यवसायिकरण गरी घरपझोङ अर्गानिक स्याउको मह ब्राण्डिङ (Gharapjhong Apple Honey Branding) को व्यवस्था गरिनेछ । खनिज तेल तथा स्याउ कार्टुनमा दिइँदै आएको साझेदारीमा सञ्चालित अनुदानमा वृद्धि गरिनेछ ।

३५. कृषि बीमा, पशु बीमा लगायतका कार्यक्रमलाई क्रमशः लागू गरिँदै जानेछ । साथै कृषि पकेट, ब्लक, जोन र सुपरजोनको अवधारणा कार्यान्वयनका लागि गाउँपालिकाको तर्फबाट समेत आवश्यक सहजीकरण गरिनेछ । स्थानीय कृषि उत्पादनलाई थप ब्राण्डिङ र प्याकेजिङ गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. गाउँपालिका क्षेत्रमा उत्पादन हुने फलफूल मुख्यतः स्याउ तथा अन्य कृषि उपजहरुको सहज भण्डारण गरी तुलनात्मक रुपमा बजार मूल्य बढी हुने समयमा बिक्री वितरण गर्नका लागि आगामी आर्थिक वर्षमा संघीय सरकारको सहयोगमा एक चिस्यान केन्द्र/ कोल्डस्टोर र एक साप्ताहिक हाटबजार सञ्चालनमा ल्याइनेछ ।

३७. गाउँपालिकाको आर्थिक उपार्जनको मुख्य स्रोतको रुपमा रहेका स्याउ, आलु, उवा, गाँजर, रायो लगायतका अन्य तरकारीहरु स्वदेश तथा विदेशमा समेत प्रख्यात छन् । कृषि क्षेत्रको आधुनिकीकरण मार्फत् कृषिको व्यवसायीकरण, यान्त्रिकीकरण, सिंचाई कुलो व्यवस्थापन, खेतीयोग्य जमिनमा तारबार लगायत पशुपालन व्यवसायको प्रवर्द्धनका लागि कार्यक्रम ल्याइनेछ । तरकारी उत्पादनमा आत्मनिर्भरताको लागि एक वडा एक ग्रीनहाउस निर्माण कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

गाउँसभा सदस्यज्यूहरु,

३८. शिक्षा क्षेत्रको विकासलाई प्राथमिकता दिई शिक्षासम्बद्ध अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना निर्माण गरी लागू गरिनेछ । यसका लागि आवश्यक परे शिक्षासम्बद्ध विज्ञहरुलाई समेत करारमा लिई कार्य सम्पन्न गरिनेछ । शिक्षण संस्थाहरुको नियमित एवं सूचकमा आधारित अनुगमन गरी शिक्षण-सिकाइको गुणस्तर अभिवृद्धि गर्नका लागि आवश्यक पृष्ठपोषण गरिनुका साथै अनुगमनको क्रममा देखिएका सबल एवं दुर्बल पक्ष तथा प्राप्त सुझाव समेतको आधारमा आवश्यक नीति बनाई कार्यान्वयन गरिनेछ ।

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

७९. गाउँपालिकाको पञ्चवर्षीय शिक्षा योजना(२०८३-२०८७) निर्माण गरी शैक्षिक गुणस्तर सुधार कार्य व्यवस्थित तरिकाले अगाडि बढाइनेछ । गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुको तुलनात्मक अवस्था समेत पत्ता लगाई भावी रणनीति तय गर्न गाउँपालिका स्तरीय प्रश्नपत्र निर्माण गर्ने र परीक्षा लिने कार्य प्राथमिकताका साथ अगाडि बढाई गाउँपालिका भरि एउटै स्ट्याण्डर्डको परीक्षा सञ्चालन गरिनेछ ।

८०. कक्षा ५ र ८ को वार्षिक परीक्षालाई गाउँपालिका स्तरमा सञ्चालन गरी प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ । अन्य कक्षाका परीक्षाहरु समेत पालिकाभित्र एकरुपता कायम गरी निःशुल्क रुपमा सञ्चालन गर्ने आवश्यक व्यवस्था गरिनेछ ।

८१. विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालय शिक्षामा आवद्ध गर्न आवश्यक व्यवस्था गरिनेछ । आवश्यकता र औचित्यका आधारमा विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्य गरी सबै विद्यालयहरुमा विषयगत र दक्ष शिक्षकको व्यवस्था गरिनेछ । विद्यालय शिक्षालाई रोजगारसंग आवद्ध गर्ने नीति लिइनेछ । गाउँपालिका क्षेत्रभित्र स्थापना भएका एवम् हुनसक्ने प्राविधिक शिक्षालयहरुको विकासमा टेवा पुऱ्याइनेछ ।

८२. "मेरो गाउँमा मेरै प्राविधिक" कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ । गाउँपालिका भित्रका सबै वडाका विपन्न तथा जेहेन्दार विद्यार्थीहरुका लागि प्राविधिक शिक्षाको छात्रवृत्तिको व्यवस्था मिलाइनेछ । नृत्य गायन वक्तृत्वकला लेखन तथा पठनशैली लगायतका विधाहरुमा आधारित भई विद्यार्थीहरुको क्षमता अभिवृद्धिका लागि घरपझोङ ट्यालेन्ट सो (Gharapjhong Talent Show) कार्यक्रम सञ्चालन गरिनेछ ।

८३. "हाम्रो विद्यालयः राम्रो विद्यालय, हाम्रो शिक्षकः राम्रो शिक्षक, हाम्रो विद्यार्थीः राम्रो विद्यार्थी" भन्ने नारालाई आत्मसात् गरिनेछ । सामुदायिक विद्यालयहरुको वार्षिक कार्य सम्पादन परीक्षण गरिनेछ । उत्कृष्ट नतिजा दिने विद्यालय शिक्षक तथा विद्यार्थीहरुमा राम्रो नतिजाका लागि उत्प्रेरित गर्न सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

८४. विषयगत शिक्षक समूह गठन गरी प्रभावकारी परिचालन गरिनेछ । शिक्षकहरुबीच सिकाइ अनुभव आदान-प्रदान गरी शिक्षक नेटवर्किङ प्रणालीलाई प्रभावकारी बनाइनेछ । शिक्षक तथा विद्यार्थीहरुलाई खोज, अनुसन्धान तथा नवप्रवर्तनको लागि उत्प्रेरित गर्ने नीति लिइनेछ ।

८५. बालविकास केन्द्रका शिक्षक/शिक्षिकाहरुलाई मन्टेश्वरी तालिम एवं पुनर्ताजगी तालिम प्रदान गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ । शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि मागमा आधारित पेशागत दक्षता सहित उत्प्रेरणामूलक कार्यक्रम तथा तालिमहरु सञ्चालन गरिनेछ ।

८६. गाउँ कार्यपालिकाको कार्यालय, विद्यालयका प्रधानाध्यापक र विषयगत शिक्षकहरुबीच कार्य सम्पादन करार सम्झौता गरी/गराई विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय पक्षलाई प्रभावकारी बनाइनेछ । सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अङ्गको रुपमा एकीकृत गर्दै विद्यालयमा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने व्यवस्था गरिनेछ । विद्यालयको व्यवस्थापकीय पक्षलाई सबल र सक्षम बनाउन आवश्यक व्यवस्था मिलाइनेछ । शिक्षक सहयोग प्रणालीको विकास गरी शिक्षकको पेशागत विकास, विद्यालय सुपरिवेक्षण तथा अनुगमनलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

८७. "हामी बनाउँछौ हाम्रो विद्यालय, राम्रो विद्यालय" अभियान सञ्चालन गरी सबै सरोकारवालाहरुलाई सामुदायिक विद्यालयको विकासको लागि जवाफदेही, जिम्मेवार र उत्प्रेरित गर्ने नीति अवलम्वन गरिनेछ । सबै

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

विद्यालयमा बालउद्यान, करेसाबारी, फूलबारी तथा हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी विद्यालयलाई हराभरा, मनोरम र आकर्षक बनाउन आवश्यक पहल गरिनेछ ।

८८. "सफा विद्यालय, असल विद्यार्थी" अभियान सञ्चालन गरिनेछ, जसको लागि कम्पाउण्ड तथा कक्षाकोठाको सरसफाइ उत्कृष्ट राख्ने विद्यालयलाई पुरस्कृत गरिनेछ । विद्यालयको मर्मत तथा सम्भार कार्यको लागि आवश्यकताका आधारमा बजेट व्यवस्था गर्ने कार्यलाई अगाडि बढाइनेछ । उत्कृष्ट शिक्षक विद्यार्थी अभिभावक सम्मान कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

८९. विद्यार्थीहरुमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न नियमित रुपमा विद्यालय स्तरीय अतिरिक्त क्रियाकलापका साथै विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिका स्तरीय तथा विद्यालय स्तरीय अतिरिक्त तथा सह-क्रियाकलापहरु (Extra and Co-curricular Activities), खेलकुद एवं अन्य बौद्धिक प्रतियोगिताहरु सञ्चालन गर्ने कार्यलाई सम्बन्धित सरोकारवालाहरुसँगको छलफल पछि सघन रुपले अगाडि बढाइनेछ । अभिभावक विहीन,अति विपन्न बालबालिकाका लागि आवश्यक शैक्षिक सामग्रीहरु वितरण गरिनेछ ।

९०. सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गरी अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालनको लागि सक्षम बनाइनेछ । विभिन्न प्रकारका आपतकालिन अवस्थामा समेत सिकाइलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाइनेछ । विविध कारणबाट हुने शैक्षिक क्षतिको आपूरण गर्ने प्रवन्ध गरिनेछ ।

९१. बालबालिकाहरुलाई घर तथा विद्यालयको वातावरणले पार्ने मनोवैज्ञानिक असरका बारेमा सचेत तुल्याउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

९२. युवाहरुमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । विभिन्न क्षेत्रमा सक्रिय भई घरपझोङ गाउँपालिकालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन सफल जेनजी तथा अन्य युवाहरुलाई प्रोत्साहन तथा सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

९३. अध्यक्षकप खेलकुद प्रतियोगितालाई व्यवस्थित र परिस्कृत गर्दै घरपझोङ गाउँपालिकाको खेल महोत्सवको रुपमा सञ्चालन गरिनेछ । एक वडा एक खेलमैदान नीति लिई प्रत्येक वडाहरुमा भौगोलिक अवस्था अनुसारका खेलमैदान निर्माण गर्ने लक्ष्य लिई क्रमशः कार्यान्वयनमा लगिनेछ । संघ र प्रदेश सरकारसंग समन्वय गरी गाउँपालिकाको उपयुक्त स्थानमा आधुनिक सुविधा सम्पन्न रङ्गशाला निर्माणमा जोड दिइनेछ । विविध खेलकुद गतिविधिको सञ्चालन गरी युवा तथा बालबालिकाको खेल प्रतिको प्रतिस्पर्धी क्षमता विकास एवं विस्तार गरिनेछ ।

गाउँसभा सदस्यज्यूहरु,

९४. कुलत र दुर्व्यसनबाट मुक्त, सिर्जनशील, संस्कारी युवा पुँजी निर्माणका लागि Say No To Drugs कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

९५. घरपझोङ गाउँपालिकाको सामाजिक विकासका कार्यहरुमा युवालाई आकर्षित गरी परिचालन गर्ने नीति लिइनेछ । युवासंग अध्यक्ष कार्यक्रमलाई अगाडि बढाउन आवश्यक पहल गरिनेछ ।

९६. फोहोरमैला व्यवस्थापनको लागि यस आर्थिक वर्षमा निर्माणाधीन पूर्वाधार रहेको स्थलमा आधुनिक उपकरण प्रयोग गरी फोहोरमैला प्रशोधन एवं व्यवस्थापन गरिनेछ । फोहोरमैला ढुवानीका लागि वातावरणमैत्री ई-रिक्सा (E-Rickshaw) को प्रयोग गरिनेछ ।

...सिंह लालचन
...यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

९७. गाउँपालिकाको बजार क्षेत्रमा फोहोर व्यवस्थापनको लागि टोल सुधार संस्था, महिला समूह, आमा समूह तथा सहकारी संस्थाहरुलाई परिचालन गर्ने नीति लिइनेछ । फोहोरमैला व्यवस्थापनमा संलग्न टोल विकास संस्था/महिला समूह/आमा समूहहरुको नियमित अनुगमन गरी उत्कृष्ट संस्था वा समूहलाई विश्व वातावरण दिवसको अवसमा पुरस्कृत गरिनेछ ।

९८. फोहोरमैलालाई व्यवस्थापन तथा फोहोर न्यूनीकरण गर्न विद्यालयहरुमा समेत सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९९. आन्तरिक र वैदेशिक रोजगारीको सन्दर्भमा संवेदनशील हुँदै आन्तरिक रोजगार सम्बन्धमा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम र वैदेशिक रोजगारसम्बन्धी सुरक्षित आप्रवासन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१००. गाउँ कार्यपालिकाको कार्यालय परिसरलाई फलफूल बगैंचा तथा फूलबारी व्यवस्थापन सहित आकर्षक बनाइनेछ ।

अन्त्यमा प्रमुख अतिथिज्यू, विभिन्न विषयगत समितिका संयोजक तथा सदस्यहरु, कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु, राष्ट्रसेवक कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, पत्रकार, नगर प्रहरी, सबै राजनैतिक दल, उद्योगी/व्यवसायी, मजदुर, किसान, विद्यार्थी, बैंक तथा वित्तीय संस्थाहरु, सामुदायिक तथा सहकारी संस्थाहरु, निर्माण व्यवसायी, उपभोक्ता समिति, नागरिक समाज, युवा सञ्जाल, सञ्चारकर्मी, टोल विकास संस्था, महिला समूह, आमा समूह, बाल सञ्जाल, बाल क्लब लगायत सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । घरपझोङ गाउँपालिकाको निरन्तर विकासमा सहयोग पुऱ्याउँदै आएका नेपाल सरकार, गण्डकी प्रदेश सरकार, छिमेकी राष्ट्र, दातृ निकाय, विभिन्न विकास साझेदार, जिल्लास्थित कार्यालयहरु, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैह्र-सरकारी संघ, संस्थाहरु लगायत सम्पूर्णमा सहयोगको निरन्तरताको अपेक्षासहित हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।

जय घरपझोङ ।

कार्यसूची २ बमोजिमको निर्णय :-

सभाध्यक्षज्यूको अनुमतिले उपाध्यक्ष श्री जमुना थापा मगरले आगामी आर्थिक बर्ष २०८३।८४ को लागि घरपझोङ गाउँपालिकाको रु. १ करोड २५ लाखको आन्तरिक आय संकलन गर्ने लक्ष्य सहितको आर्थिक विधेयक, २०८३ र कुल रकम रु.३९ करोड १४ लाख ९४ हजारको विनियोजन विधेयक, २०८३ को प्रस्ताव गाउँसभा समक्ष पेश गर्नु भयो ।

गाउँपालिकाको आर्थिक बर्ष २०८३।८४ को आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ को सम्बन्धमा गाउँसभा सदस्य श्री मणि वि.क.ज्यूले आफ्नो भनाईहरु राख्नु भयो ।

सभाध्यक्षज्यूबाट भनाई राख्नका लागि समय उपलब्ध गराउँदा अन्य सदस्यहरुबाट कुनै किसिमको भनाईहरु नराख्नु भएकोले सभाध्यक्षज्यूबाट गाउँपालिकाको आर्थिक बर्ष २०८३।८४ को आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले स्वीकृत भयो । गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ को पूर्णपाठ तपसिल बमोजिम रहेको छ ।

सिंह लालचन
अध्यक्ष

गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

घरपझोङ गाउँपालिकाको

## अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०८३

**प्रस्तावना:**

घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निम्ति स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, घरपझोङ गाउँपालिकाको गाउँ सभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "घरपझोङ गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन सम्वत् २०८३ साल श्रावण १ गतेदेखि लागू हुनेछ ।

२. यस गाउँपालिकामा अनुसूची १ मा उल्लेख गरिए बमोजिमका करहरु लिइनेछ ।
३. यस गाउँपालिकामा अनुसूची २ मा उल्लेख गरिए बमोजिमका दस्तुरहरु लिइनेछ ।
४. यस गाउँपालिकाको आन्तरिक आयको अनुमान अनुसूची ३ बमोजिम गरिएको छ ।
५. सम्पत्ति मूल्याङ्कनको लागि अनुसूची ४ बमोजिम जग्गाको मूल्य निर्धारण गरिएको छ ।
६. **कर छुट:** यस ऐन बमोजिम कर तिर्न दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अनुसुची १ (११२) अनुसार बाहेक कुनै पनि किसिमको कर छुट दिईने छैन ।
७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा सेवा शुल्क संकलन सम्बन्धी कार्यविधि घरपझोङ गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची १

### करका दरहरु

आर्थिक वर्ष २०८३।८४ को लागि गाउँपालिकाले उठाउने करको दरको अनुमान ।
(अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा ३ सँग सम्बन्धित)

| सि.नं. | राजश्वका क्षेत्रहरु | चालु आ.व.२०८२/८३ को स्वीकृत दर | आ.व.८३/८४ को प्रस्तावित दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| १ | होटल व्यवसाय कर | १७०००० | १७०००० | तारे होटल | |
| | | १२०००० | १२०००० | २५ वा सो भन्दा वढी कोठा भएको सुविधा सम्पन्न रिसोर्ट | |
| | | १००००० | १००००० | २० देखि २४ सम्म कोठा भएको सुविधा सम्पन्न रिसोर्ट | |
| | | ३०००० | ३०००० | २० भन्दा कम कोठा भएको सुविधा सम्पन्न रिसोर्ट | |
| | | २५००० | २५००० | २० कोठा वा सोभन्दा वढी | |

सिंह लालचन
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | १२००० | १२००० | १० देखि १९ कोठासम्म | |
| | | ७००० | ७००० | ६ देखि ९ कोठासम्म | |
| | | ४००० | ४००० | ५ कोठा वा सो भन्दा कम | |
| २ | होमस्टे | ७०० | ७०० | प्रतिघर | |
| ३ | होलसेल/ठूलो किराना पसल कर | २२००० | २२००० | होलसेल रुपमा साना किराना पसलहरुको सामाग्री वितरणलाई आधार लिइएको । | |
| ४ | मध्यम किसिमको किराना पसलहरु | १२००० | १२००० | | |
| ५ | साना किसिमको किराना पसलहरु | ६००० | ६००० | | |
| ६ | रेष्टुरेण्ट | २५०० | २५०० | | |
| ७ | खुद्रा पसल, स्टेशनरी, तरकारी पसल, मासु पसल तथा विभाजनमा नपरेका अन्य सबै पसलहरु | २५०० | २५०० | | |
| ८ | कम्प्युटर इन्स्टिच्यूट | २००० | २००० | | |
| ९ | अफसेट प्रेस | २००० | २५०० | | |
| १० | ज्वेलर्स | | ५००० | | |
| ११ | अनलाइन सामाग्री पार्सल/कुरियर सेवा | | २५०० | | |
| १२ | पुल/स्नोकर हाउस | | ५००० | | |
| १३ | सैलुन/ब्यूटि पार्लर | | ३००० | | |
| १४ | कार वास | | ५००० | | |
| १५ | घुम्ती पसलहरु/व्यापार (अनिवार्य सुचिकृत) | जिप वार्षिक: १०००० पटके ५००<br>ट्रकः वार्षिक १५००० पटके ७०० | जिप वार्षिक: १०००० पटके ५००<br>ट्रकः वार्षिक १५००० पटके १००० | सूचीकृत नगराई सवारी साधनहरुमा ल्याएर व्यापार व्यवसाय गरे वापत दोश्रो पटक देखि तोकिएको करको दरमा शतप्रतिशत जरिवना लाग्ने छ । | |
| १६ | डिष्टिलरी उद्योग | ४०००० | ४०००० | | |
| १७ | पानी उद्योग | १०००० | १०००० | | |
| १८ | वाइन उद्योग | १०००० | १०००० | | |
| १९ | जुस उद्योग | २००० | २००० | | |
| २० | ब्लक उद्योग | १०००० | १०००० | | |
| २१ | ग्यारेज/सर्भिस सेन्टर | | | | |
| | क) मोटरसाइकल ग्यारेज | ५००० | ५००० | दुई पाङ्ग्रे | |

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | | |
|---|---|---|---|---|---|
| | ठूला बस, जीप, ट्रक आदि | १४००० | १४००० | चार पाङ्ग्रे | |
| २२ | सर्भिस सेन्टर | १०००० | १०००० | दुई पाङ्ग्रे | |
| | | १५००० | १५००० | चार पाङ्ग्रे | |
| २३ | विद्युतिय सवारी साधन चार्जिङ स्टेसन | ५००० | ७००० | | |
| २४ | फर्निचर उद्योग र शोरुम | १२००० | १२००० | | |
| २५ | हार्डवेयर | १५००० | १५००० | | |
| २६ | फेन्सिङ जाली/ग्रिल उद्योग | १२००० | १२००० | | |
| २७ | मिल उद्योग | १०००० | १०००० | | |
| २८ | कुटानी पिसानी मिलहरु | २००० | २००० | | |
| २९ | पेलर | १००० | १००० | | |
| कृषि तथा पशुपंक्षी फर्महरु | | | | | |
| ३० | भेडा, च्याङ्ग्रा | ४००० | ४००० | प्रति गोठ | |
| ३१ | याक, चौंरी | ७००० | ७००० | प्रति गोठ | |
| ३२ | भेडा, च्याङ्ग्रा (बाहिरबाट ल्याउने घुम्ती गोठ) | ३००० | ३००० | प्रति गोठ | |
| ३३ | स्याउ | ५००/- प्रति रोपनी | ५००/- प्रति रोपनी | एक रोपनी सम्मको खेतीमा कर नलाग्ने | |
| ३४ | कुखुरा, बंगुर, माछा | २००० | २००० | प्रति फार्म | |
| ३५ | डेरी उद्योग | २५०० | २५०० | | |
| ३६ | बेकरी उद्योग | ३००० | ३००० | | |
| ३७ | उन्नत गाई फर्महरु | | | | |
| | सानो फार्म | १००० | १००० | २-५ वटा गाई | |
| | मझौला फर्म | २००० | २००० | ६-१० वटा गाई | |
| | ठूलो फर्म | ३००० | ३००० | ११ देखि माथिका गाई | |
| सिनेमा डकुमेन्ट्री कर | | | | | |
| ३८ | स्वदेशी छायाङ्कन (डकुमेण्ट्री, म्यूजिक भिडियो) | ५००० | ५००० | पर्यटकीय क्षेत्र प्रयोग गरे वापत | |
| ३९ | स्वदेशी चलचित्र | १५००० | १५००० | | |
| ४० | विदेशी छायाङ्कन (डकुमेण्ट्री, म्यूजिक भिडियो) | २०००० | २०००० | पर्यटकीय क्षेत्र प्रयोग गरे वापत | |
| ४१ | विदेशी चलचित्र | ४०००० | ४०००० | | |
| घर बहाल कर | | | | | |

सिंह लालचन

घरपखोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | सामान्य खालको आवाशीय घर | २०० | २०० | | |
| १३ | पक्की घर | ७०० | ७०० | RCC घर | |
| १४ | मालपोत शुल्क | | | | |
| क | कृषि क्षेत्र | ४० | ४० | न्युनतम रु ४० र १ रोपनी भन्दा माथि प्रति रोपनी रु ४० का दरले थप हुदै जाने | |
| ख | आवासिय क्षेत्र | ५० | ५० | न्युनतम रु ५० र १ रोपनी भन्दा माथि प्रति रोपनी रु ५० का दरले थप हुदै जाने | |
| ग | व्यवसायिक क्षेत्र | ६० | ६० | न्युनतम रु ६० र १ रोपनी भन्दा माथि प्रति रोपनी रु ६० का दरले थप हुदै जाने | |
| घ | औद्योगिक क्षेत्र | ७० | ७० | न्युनतम रु ७० र १ रोपनी भन्दा माथि प्रति रोपनी रु ७० का दरले थप हुदै जाने | |
| १५ | नक्सा पास किताब बिक्री | १००० | १००० | | |
| १६ | घर नक्सा अभिलेखिकरण किताब बिक्री | ५०० | ५०० | | |
| १७ | घर नक्सापास दस्तुर (आवासीय) | ३ | ३ | प्रति स्क्वायर फिट | |
| १८ | घर नक्सापास दस्तुर (व्यवसायिक दस्तुर) | ५ | ५ | प्रति स्क्वायर फिट | |
| १९ | घर नक्सा अभिलेखिकरण | २ | २ | प्रति स्क्वायर फिट | |
| २० | पर्यटकीय सेवा शुल्क तथा साहसिक खेल | १००० | १००० | प्रति कार्यक्रम | |
| २१ | घर बहाल कर | १०% | १०% | भाडा रकमको | |
| निकासी कर | | | | | |
| २२ | यार्सागुम्बा निकासी सिफारिस | १०००० | १०००० | प्रति के.जी. | |
| २३ | अन्य जडिबुटी सिफारिस (अकरकरा लगायत) | २ | २ | प्रति के.जी. | |
| २४ | कवाडी निकासी कर | २ | ३ | प्रति के.जी. | |
| २५ | चरिचरण कर (अन्य कर) | ५ | ५ | प्रति गोटा भेडाबाखा (प्रति दिन/प्रति बास) | |
| | | ५० | ५० | प्रति गोटा याक(प्रति दिन/प्रति बास) | |
| निजी विद्यालय सञ्चालन दस्तुर | | | | | |
| २६ | बाल विकास र पूर्व प्राथमिक | ५०० | ५०० | | |
| २७ | आधारभूत तह | ५००० | ५००० | | |
| २८ | माध्यमिक तह | १५००० | १५००० | | |

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | |
|---|---|---|---|---|
| अन्य दस्तुर | | | | |
| ५९ | आय प्रमाणित | ०.१० प्रतिशत | ०.१० प्रतिशत | |
| ६० | सम्पत्ति मुल्याङ्कन | ०.०५ प्रतिशत | ०.०५ प्रतिशत | |
| ६१ | तमसुक प्रमाणित | ०.५ प्रतिशत | ०.५ प्रतिशत | |
| ६२ | निर्माण कम्पनी इजाजतपत्र दर्ता शुल्क | २०००० | २०००० | |
| ६३ | निर्माण कम्पनी इजाजतपत्र नामसारी/ठाउँसारी शुल्क | १०००० | १०००० | |
| ६४ | निर्माण कम्पनी नवीकरण दस्तुर | ३००० | ३००० | |
| ६५ | निर्माण कम्पनी नवीकरण विलम्ब दस्तुर | ३००० | ३००० | |
| ६६ | सहकारी दर्ता | ५००० | ५००० | |
| | होमस्टे दर्ता शुल्क | | | |
| ६७ | निजी | १००० | १००० | |
| ६८ | सामुदायिक | ५००० | ५००० | |
| ६९ | होम स्टे नवीकरण | | | |
| क | निजी | १००० | १००० | |
| ख | सामुदायिक | २००० | २००० | |
| ७० | मालपोत कार्यालयलाई घरको मुल्याङ्कन सिफारिस | RCC: ५००, ढुङ्गा माटोको जोडाइः ३००, सामान्य घरः १०० | RCC: ५००, ढुङ्गा माटोको जोडाइः ३००, सामान्य घरः १०० | |
| ७१ | व्यवसाय दर्ता/नवीकरण शुल्क | २०० | २०० | |
| ७२ | सार्वजनिक जग्गामा मोबाइल टावर राखेवापतको शुल्क | ५००० (सरकारी) | ५००० (सरकारी) | प्रति टावर/प्रति महीना |
| | | ८००० (निजी) | ८००० (निजी) | |
| ७३ | रेडियो र एफ.एम.स्टेशन संचालन कर | ५०० | ५०० | सामुदायिक |
| | | १००० | १००० | निजी |
| ७४ | ट्रकिङ कम्पनी | ५००० | ५००० | गा.पा.भित्र काउन्टर राखी व्यवसाय सञ्चालन गरे वापतको कर |
| ७५ | यातायात कम्पनी | | | |
| क | बस तथा जीप | १०००० | १०००० | |
| ख | ट्याक्सी | ५००० | ५००० | |
| ७६ | एयरलाईन्स कम्पनी टिकट बिक्री काउन्टर | २५००० | २५००० | |
| ७७ | विज्ञापन कर | ५० | ५० | प्रति वर्ग फिट |
| ७८ | अस्थायी पार्किङ शुल्क | | २०० | |
| वित्तीय संस्थाको लागि वार्षिक कर | | | | |
| ७९ | कमर्सियल बैंक | १५००० | १५००० | |

सिंह लालचन

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | | |
|---|---|---|---|---|---|
| ८० | विकास बैंक | १२००० | १२००० | | |
| ८१ | फाइनान्स कम्पनी | ८००० | ८००० | | |
| ८२ | माइक्रो फाइनान्स | ४००० | ४००० | | |
| ८३ | बीमा कम्पनी | ७००० | ७००० | | |
| गाउँपालिका कार्यालय भवनमा रहेको सभा हल भाडा | | | | | |
| ८४ | प्रशासकीय भवनमा रहेको सभाहल (३० जना सम्म सहभागी हुने कार्यक्रमको लागि) | | २००० | १ दिन प्रयोजनको लागि | |
| | | | १५०० | २ दिन र सो भन्दा बढी दिनको कार्यक्रमको लागि | |
| ८५ | बहुउद्देश्य सभाहल (१०० जना सम्म सहभागी हुने कार्यक्रमको लागि | | ३००० | १ दिन प्रयोजनको लागि | |
| | | | २५०० | २ दिन र सो भन्दा बढी दिनको कार्यक्रमको लागि | |
| ८६ | प्राकृतिक श्रोत साधनको उपयोग | | | | |
| क. | ढुंगा, चुनढुंगा, गिट्टी, ग्राभेल, रोडा, बालुवा | | | प्रदेश नियमानुसार हुनेछ | |
| ख. | कटिङ ढुंगा, स्लेट, (स्वीकृत खानी क्षेत्र बाहेक) | | | प्रदेश नियमानुसार हुनेछ | |
| ग. | कुनै साना ढुंगा | | | प्रदेश नियमानुसार हुनेछ | |
| घ. | माटो (स्वीकृत खानी क्षेत्र बाहेक) | | | प्रदेश नियमानुसार हुनेछ | |
| ८७ | नदीजन्य पदार्थ | | | | |
| क. | नदिजन्य पदार्थ प्रशोधन उद्योग दर्ता शुल्क | ७५००० | ७५००० | | |
| ख. | नदीजन्य पदार्थ प्रशोधन उद्योग नवीकरण शुल्क (वार्षिक) | २०००० | २०००० | | |
| ८८ | डोजर सञ्चालन अनुमति/सिफारिस | | | | |
| क. | ब्याक हु-लोडर | १००० | १००० | प्रति दिन | |
| ख. | एक्साभेटर/ब्रेकर | १५०० | १५०० | प्रति दिन | |
| ८९ | नदीको बहाव वा पानी बगेको क्षेत्रमा प्रवेश वा उत्खनन् वा संकलन गरेमा (प्रति मेशिन वा साधनको) | | | | |
| क. | मेशिन, स्काभेटर र व्याक हु-लोडर | १०००० | १०००० | | |
| ख. | टिप्पर वा ट्रक | ५००० | ५००० | | |
| ग. | मिनी ट्रक | ३००० | ३००० | | |
| घ. | ट्याक्टर | २००० | २००० | | |
| ९० | बिना अनुमति मेशिनरी औजार प्रयोग गरी उत्खनन् वा संकलन गरेको पाईएमा | १०००० | १०००० | | |

... सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | | |
|---|---|---|---|---|---|
| [illegible] | तोकिएको भन्दा बढी गहिराईमा उत्खनन् गरेमा | १५००० | १५००० | | |
| [illegible] | तोकिएको भन्दा बढी संख्यामा मेशिन प्रयोग गरेमा (प्रति मेशिन) | १०००० | १०००० | | |
| [illegible] | बिहान ६ बजे अघि र बेलुकी ६ बजे पश्चात् उत्खनन् वा संकलन कार्य गरेमा | क्रम संख्या ८१,८२ र ८३ बमोजिमकै जरिवाना | क्रम संख्या ८१,८२ र ८३ बमोजिमकै जरिवाना | | |
| [illegible] | नदीको बहाव परिवर्तन गरी उत्खनन् गरेमा (प्रति मेशिन वा साधन) | १०००० | १०००० | | |
| [illegible] | निषेधित क्षेत्रमा स्रोत साधन उत्खनन् वा संकलन गरेमा | २०००० | २०००० | | |
| [illegible] | क्रसर उद्योगबाट निष्कासित धोएको पानी प्रशोधन नगरि नदीमा मिसाइएमा प्रति पटक | २००० | २००० | | |
| [illegible] | राजमार्ग र मुख्य सडकको अधिकार क्षेत्रमा संकलन वा भण्डार गरेमा | १५००० | १५००० | | |
| [illegible] | क्रम संख्या १ देखि ९ सम्म कसूर दोहोर्‍याएमा | तोकिएको रकममा २५प्रतिशत थप दण्ड | तोकिएको रकममा २५प्रतिशत थप दण्ड | | |
| [illegible] | पानी, हिलो, धुलो वा गिट्टी झार्दै, उडाउँदै वा झार्दै नदीजन्य स्रोतको ढुवानी गरेमा | १ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | १ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | | |
| [illegible] | प्रत्येक पटकको ढुवानीमा राजस्व तिरेको निस्सा र चलान पुर्जा साथमा रहेको नभेटिएमा (अप्रशोधित सामग्रीका हकमा) | १ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | १ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | | |
| [illegible] | प्रशोधित ढुंगा, गिट्टी, बालुवा, धुलोका हकमा प्रत्येक पटकको ढुवानी कार्यमा प्रशोधन उद्योगबाट जारी भएको छुट्टै भ्याट बिल तथा चलान पुर्जा साथमा रहेको नभेटिएमा | १ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | १ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | | |
| [illegible] | निजी जग्गाको अप्रशोधित सामग्रीको ढुवानीका हकमा स्थानीय तहले जारी गरेको उत्खनन् अनुमतिपत्र, प्रत्येक | ३ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | ३ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | | |

मोहन सिंह लालचन
अध्यक्ष

गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | | |
|---|---|---|---|---|---|
| | पटकको चलान पुर्जा र राजस्व तिरेको निस्सा साथमा नभेटिएमा | | | | |
| १०३ | प्रचलित कानूनले अनुमति दिएको वा क्षमता भन्दा बढी ढुवानी गरेमा | ३ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | ३ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | | |
| १०४ | रुट तोकिएको भए तोकिदिएको बाहेकको रुट, समय, गति वा संख्यामा ढुवानी गरेमा | ३ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | ३ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | | |
| १०५ | जिल्ला अनुगमन समितिले मौज्दात प्रमाणित गर्दा खरिद बिक्री परिमाणमा हिसाब मिलान नभएर कैफियत देखिएमा सो बराबरको परिमाणमा जरिवाना | रु. ९ | रु. ९ | प्रति घनमिटर | पटकै पछि |
| १०६ | नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योगले प्रचलित कानून वा मापदण्ड विपरीत क्रसिङ, वासिङ वा अन्य प्रशोधन कार्य गरेमा वा सो कार्य गर्ने उद्योग सञ्चालन गरेमा | २०००० | २०००० | | पटकै पछि |
| १०७ | कुनै निकायमा दर्ता नभई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा दण्ड जरिवाना | २०००० | २०००० | | |
| १०८ | कम्पनी रजिष्टारको कार्यालयमा दर्ता गरेतापनि सम्वन्धित निकायबाट इजाजत नलिई नदीजन्य प्राकृतिक स्रोत उद्योग सञ्चालन गरेमा दण्ड जरिवाना | २०००० | २०००० | | पटकै पछि |
| १०९ | कम्पनी दर्ता गरी इजाजत लिई उद्योग सञ्चालन गरे तापनि सम्वन्धित निकायबाट इजाजत नवीकरण नगरी उद्योग व्यवसाय सञ्चालन गरेमा जरिवाना | २०००० | २०००० | | पटकै पछि |
| ११० | कृषक समुह नविकरण दस्तुर | २०० | २०० | ३५ दिन भित्र निशुल्क ३६ औं दिनबाट शुल्क लाग्ने | |
| १११ | सबै प्रकारको विलम्ब दस्तुर | | | | |

सिंह लालचन

घरपफोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | | |
|---|---|---|---|---|---|
| क. | १ बर्ष | म्याद नाघेको रकमको १०% | म्याद नाघेको रकमको १०% | | |
| ख. | २ बर्ष | म्याद नाघेको रकमको २०% | म्याद नाघेको रकमको २०% | | |
| ग. | ३ बर्ष | म्याद नाघेको रकमको ३०% | म्याद नाघेको रकमको ३०% | | |
| घ. | बढीमा | म्याद नाघेको रकमको १००% | म्याद नाघेको रकमको १००% | | |
| ११२ | सबै प्रकारका वार्षिक कर तथा शुल्कमा आर्थिक वर्षको भाद्र मसान्तसम्ममा तिर्न आएमा १०% र पौष मसान्त भित्र तिर्न आएमा ५% छुट हुनेछ। | | | | |

अनुसूची २

## सिफारिस दस्तुर

आर्थिक बर्ष २०८३।८४ को लागि सिफारिस तथा अन्य दस्तुरको दरको अनुमान ।

(अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ४ सँग सम्बन्धित)

| सि.नं. | सिफारिसको विवरण | आ.व.२०८२।०८३ को स्वीकृत दर | आ.व. ०८३।८४ को प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको नागरिकता सिफारिसः निवेदन दस्तुर समेत | निशुल्क | निशुल्क | |
| २ | अंगिकृत नागरिकता सिफारिस | १००० | १००० | |
| ३ | नागरिकताको प्रतिलिपी सिफारिस | ३०० | ३०० | |
| ४ | नागरिकताको संशोधन सिफारिस | ५०० | ५०० | |
| ५ | गैर आवसिय नागरिकता सिफारिस | १००० | १००० | |
| ६ | गैर आवसिय नागरिकता प्रतिलिपी | २००० | २००० | |
| ७ | नाता प्रमाणित नेपाली | ३०० | ३०० | |
| ८ | नाता प्रमाणित अंग्रेजी | ५०० | ५०० | |
| ९ | विद्युत जडान सिफारिस | ३०० | ३०० | |
| १० | विद्युत जडान थ्रिफेज | २५०० | २५०० | |
| ११ | नाम संशोधन, नाम छुट तथा दुई नाम एकै सिफारस | ३०० | ३०० | |
| १२ | जन्ममिति प्रमाणित नेपाली | २०० | २०० | |
| १३ | स्थाई वा अस्थाई वसोवास सम्बन्धी सिफारिस | २०० | २०० | |
| १४ | नामथर जन्ममिति संशोधन सिफारिस | २०० | २०० | |
| १५ | घरजग्गा नामसारी सिफारिस | ५०० | ५०० | |
| १६ | फुकुवा सिफारिस | ५०० | ५०० | |
| १७ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारस | २०० | २०० | |
| १८ | हकवाला /संरक्षक सिफारिस | २०० | २०० | |
| १९ | विवाहित/अविवाहित प्रमाणिकरण सिफारिस | ३०० | ३०० | |
| २० | नक्कल प्रमाणित दस्तुरः मालपोत रसीद समेत | ३०० | ३०० | |

मोहन सिंह लालचन

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | |
|---|---|---|---|---|
| २१ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २०० | २०० | |
| २२ | डिष्टिलरी उद्योग नयाँ दर्ता सिफारिस | ३०००० | ३०००० | |
| २३ | डिष्टिलरी उद्योग नविकरण सिफारिस | १०००० | १०००० | |
| २४ | पानी उद्योग दर्ता सिफारिस | १०००० | १०००० | |
| २५ | पानी उद्योग नवीकरण सिफारिस | ५००० | ५००० | |
| २६ | वाइन उद्योग दर्ता सिफारिस शुल्क | १०००० | १०००० | |
| २७ | वाइन उद्योग नवीकरण सिफारिस शुल्क | ५००० | ५००० | |
| २८ | घरनक्सा नामसारी | ५०० | ५०० | |
| २९ | घर निर्माण सम्पन्न सिफारिसः आरसिसी | १५०० | १५०० | |
| ३० | घर निर्माण सम्पन्न सिफारिसः कच्ची | ५०० | ५०० | |
| ३१ | निजी क्षेत्रमा रुख कटान सिफारिस | १००० | १००० | |
| ३२ | न्यायिक समितिमा निवेदन दर्ता दस्तुर | १०० | १०० | |
| ३३ | मिलापत्र दस्तुर (प्रत्येक पक्षबाट) | ५०० | ५०० | |
| ३४ | नाबालक परिचयपत्र सिफारिस | २०० | २०० | |
| ३५ | व्यक्तिगत घटना दर्ताको बिलम्ब शुल्क | २०० | २०० | |
| ३६ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | ५०० | ५०० | |
| ३७ | व्यक्तिगत घटना दर्ता नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | २०० | २०० | |
| ३८ | व्यक्तिगत घटना दर्ता संशोधन | ७०० | ७०० | |
| ३९ | कन्सुलर प्रमाणिकरण प्रति पेज | ५०० | ० | |
| ४० | जातिय पहिचान र जातिय सिफारिस | १०० | १०० | |
| ४१ | कर क्लियर सिफारिसः नेपाली | ३०० | ३०० | |
| ४२ | पारिवारिक विवरण सिफारिस | ३०० | ३०० | |
| ४३ | पशु सम्वन्धी र सुकुटी सिफारिस समेत (प्रति के.जी.) | २० | २० | |
| ४४ | खानेपानी जडान सम्बन्धी सिफारिस | १०० | १०० | |
| ४५ | जलश्रोत उपयोग उपभोक्ता समिति दर्ता दस्तुर | २००० | २००० | |
| ४६ | जलश्रोत उपयोग उपभोक्ता समिति नवीकरण दस्तुर | १००० | १००० | |
| ४७ | जलश्रोत उपयोग उपभोक्ता समिति नवीकरण बिलम्ब शुल्क (वार्षिक) | ५०० | ५०० | |
| ४८ | कृषि तथा पशु फर्म दर्ता शुल्क | ५०० | ५०० | |
| ४९ | कृषि तथा पशु फर्म नवीकरण शुल्क | २०० | २०० | |
| ५० | उद्योग दर्ताको लागि सिफारिस | | | |
| | क. साना | ५०० | ५०० | |
| | ख. मझौला | २००० | २००० | |
| | ग. ठूला | ५००० | ५००० | |
| ५१ | निजीविद्यालय कक्षा थप अनुमतिको दस्तुर | | | |
| | क. बाल विकास केन्द्र सञ्चालन | ५००० | ५००० | |

... सिंह लालचन

...फमोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | |
|---|---|---|---|---|
| | ख. आधारभुत विद्यालय | ७००० | ७००० | |
| | ग. मा.वि. | १०००० | १०००० | |
| ५२ | निजी विद्यालय सञ्चालन तथा कक्षा थप अनुमतिको सिफारिस | | | |
| | क. बाल विकास केन्द्र सञ्चालन | १००० | १००० | |
| | ख. आधारभुत विद्यालय | १२०० | १२०० | |
| | ग. मा.वि. | १५०० | १५०० | |
| | घ. स्नातक र स्नातकोत्तर | २००० | २००० | |
| ५३ | सामुदायिक विद्यालय सञ्चालन तथा कक्षा थप सम्बन्धी दस्तुर | | | |
| | क. बाल विकास केन्द्र सञ्चालन अनुमति | ५०० | ५०० | |
| | ख. आधारभुत विद्यालय | ७०० | ७०० | |
| | ग. मा.वि. | १००० | १००० | |
| ५४ | सामुदायिक विद्यालयमाा कक्षा थप सम्बन्धी सिफारिस दस्तुर | | | |
| | क. स्नातक र स्नातकोत्तर | १२०० | १२०० | |
| ५५ | अंग्रेजी भाषामा गरिने प्रति सिफारिस दस्तुर | ५०० | ५०० | |
| ५६ | चार किल्ला प्रमाणित | ३०० | ३०० | |
| ५७ | घरबाटो सिफारिस | ३०० | ३०० | |
| ५८ | संस्था दर्ता सिफारिस र नविकरण | ५०० | ५०० | |
| ५९ | नक्सा प्रमाणित | ५०० | ५०० | |
| ६० | व्यवसाय दर्ता सिफारिस | ५०० | ५०० | |
| ६१ | शिक्षक सरुवा अनुमति सिफारिस (गा.पा.बाहिरबाट आउँदा, जादा) | | | |
| क. | गाउँपालिका भित्र | १००० | १००० | |
| ख. | जिल्ला भित्र | २००० | २००० | |
| ग. | जिल्ला बाहिर | ३००० | ३००० | |
| ६२ | शिक्षक / विद्यालय कर्मचारी नियुक्ति समर्थन | ५०० | ५०० | |
| ६३ | शैक्षिक प्रमाणपत्र दस्तुर (कक्षा ८) | २७५ | २७५ | |
| ६४ | शैक्षिक प्रमाणपत्र दस्तुर प्रतिलिपी (कक्षा ८) | ५०० | ५०० | |
| ६५ | मुचुल्का प्रमाणित | २०० | २०० | |
| ६६ | उपभोक्ता समितिहरुलाई विभिन्न प्रयोजनको लागि दिइने सिफारिस (गाउँपालिका बाहेक) | ३०० | ३०० | |
| ६७ | माथि उल्लेख भएका बाहेक सबै प्रकारका सिफारिस | ३०० | ३०० | |
| ६८ | परम्परागत उपचारको सूचीकरण | १००० | १००० | |
| ६९ | परम्परागत उपचारको सूचीकरण नविकरण | ५०० | ५०० | |
| ७० | पशुपन्छी उपचार सेवा शुल्क | | | |
| | क. बाखा, बंगुर, कुखुरा | निशुल्क | निशुल्क | |
| | ख. गाई, भैसी, झोपा, याक | निशुल्क | निशुल्क | |

... लालचन

गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | |
|---|---|---|---|---|
| | ग. घोडा, खच्चर | निशुल्क | निशुल्क | |
| | घ. कुकुर, बिरालो | निशुल्क | निशुल्क | |
| ३१ | सामाजिक सुरक्षा भत्ताको लागि बैंक खाता खोल्ने सिफारिस | निशुल्क | निशुल्क | |
| ३२ | अपाङ्गता परिचय पत्र सम्बन्धी सिफारिस | निशुल्क | निशुल्क | |
| ३३ | पूर्व संस्थागत सुत्केरी तथा सुनौलो हजार दिन कार्यक्रमको सेवा लिने सम्बन्धी अस्थायी बसोबास सिफारिस | निशुल्क | निशुल्क | |
| ३४ | विपन्न बिरामीको लागि दिईने सिफारिस | निशुल्क | निशुल्क | |

## अनुसूची ३

## आन्तरिक आयको अनुमान

| राजस्व शीर्षक नं. | राजस्व शीर्षक | आ.व.०८१।०८२ को यथार्थ आय | अगामी आ.व. ०८२।८३ को अनुमान | २०८२ साल जेष्ठ २० गते सम्मको राजस्व संकलन विवरण | अगामी आ.व. ०८३।८४ को अनुमान | कैफियत |
|---|---|---|---|---|---|---|
| ११३१३ | सम्पत्ति कर | | | ७०१३० | | |
| ११३१४ | भूमिकर/मालपोत | ४०६७१५.५ | ३५०००० | ३२६४५९.४८ | ३५०००० | |
| ११३१५ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ९२६४३८.०४ | ८००००० | | ८००००० | |
| ११३२१ | घर/वहाल कर | २५३१२६७.१९ | २५००००० | १५८६८४९.९ | २५००००० | |
| ११३२२ | वहाल विटौरी कर | ० | ० | ३३०७१३ | ० | |
| ११४७९ | सिनेमा डकुमेन्ट्री कर | ४५००० | ५०००० | | ५०००० | |
| ११६३१ | कृषि तथा पशुजन्य व्यवसायको कारोवारमा लाग्ने | ९३०८५० | ७००००० | ३९४४२० | ७००००० | |
| ११६९१ | अन्य कर | १६५४६० | १५०००० | १६१४५७ | १५०००० | |
| | जडिबुटि कवाडी तथा जिवजन्तु | | ० | ० | ० | |
| १४१५१ | सरकारी सम्पत्तीको वहालवाट प्राप्त आय | ५०७५५३६.२८ | ३५५०००० | २६९२१७३.७५ | ३९४३००० | |
| १४१५२ | सरकारी सम्पत्तीको विक्रीवाट प्राप्त रकम | ० | ५०००० | २९४१४७.५० | ५०००० | |
| १४१५३ | अन्य विक्रीवाट प्राप्त रकम | ० | ० | | ० | |
| १४२२४ | परिक्षा शुल्क | २९३०० | १०००० | ११००० | १०००० | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १८७००० | २००००० | ३४८६०० | ३००००० | |
| १४२४१ | पार्किङ शुल्क | ० | ० | ० | ० | |
| १४२४२ | नक्सापास दस्तुर | ९९६५८.६७ | १००००० | ९९६८.७९ | १००००० | |
| १४२४३ | सिफारिस दस्तुर | ६५२५२० | ४५०००० | ४३७४७० | ४५०००० | |

सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४२४४ | व्यक्तिगत घटना दस्तुर | ४३९०० | २०००० | ८१९०० | २०००० | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ५५२०० | ५०००० | ५५६०० | ५०००० | |
| १४२४९ | अन्य दस्तुर | ३१९४०६.२९ | २३०००० | २३८१४४.७६ | २३०००० | |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५१९६० | २५००० | १९३००० | २५००० | |
| १४३१२ | प्रशासनिक दन्ड जरिवाना र जफत | १५०० | १०००० | | १०००० | |
| १४६११ | व्यवसाय कर | २७०५७९० | २५००००० | ११३३८०० | २५००००० | |
| १५१११ | बेरुजु | ० | २५००० | | २५००० | |
| ३३३४२ | मनोरञ्जन कर | ० | ० | | ० | |
| ३३३४३ | विज्ञापन कर | ० | ५००० | | ५००० | |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | ७१५०५ | ७०००० | ७७४२४ | ७७००० | |
| ११३११ | व्यक्तिगत सम्पत्तिमा लाग्ने कर | १९२४९० | १५५००० | १८९५० | १५५००० | |
| | कुल जम्मा | १४४९१४९६.९७ | १२०००००० | ८४६२२०८.१८ | १२५००००० | |

## अनुसूची-४

यस गाउँपालिकाको आगामी आ.व. ०८३।०८४ को सम्पति मूल्याङ्कनको लागि तपसिल बमोजिमको जग्गाको मूल्य निर्धारण

| | | | | |
|---|---|---|---|---|
| जग्गाको मूल्य रु. प्रति रोपनी | | | | |
| १. घरपझोङ गाउँपालिका वडा नं. १ (साबिक टुकुचे ८,९ र मार्फा ९) | | | | |
| क) वडा नं. ५ को सिमाना देखि रिङरोडले छोएको जग्गाको मूल्य रु. | १०,००,००० | | | |
| ख) मोटर बाटोको दाँया बाँया पर्ने घडेरी जग्गाको रु. | ७,५०,००० | | | |
| ग) चिमाङ र छैरो गाउँका घडेरी जग्गाको मूल्य रु. | ५,००,००० | | | |
| | अब्बल | दोयम | सिम | चाहार |
| घ) फलफूल बगैचा भएका जग्गाको मूल्य रु. | ४,७५,००० | ४,५०,००० | ४,२५,००० | ४,००,००० |
| ङ) फलफूल/स्याउ बगैचा नभएको खेती योग्यको जग्गाको मूल्य रु. | २,००,००० | १,९०,००० | १,८०,००० | १,७०,००० |
| च) ऐ.ऐ.का अन्य जग्गाको मूल्य रु. | १,००,००० | ९०,००० | ८०,००० | ७०,००० |
| २. घरपझोङ गाउँपालिका वडा नं. २ र ३ (साविक मार्फा गा.वि.स.) | | | | |
| क) मार्फा ५/ग का पूर्व जोमसोम सिमाना देखि पश्चिम (विदाई ढुङ्गा) सम्मको मूल बाटोको दाँया बाँया पर्ने जग्गा कि.नं.५,६,९,३६,३७,३८,३९,४०,४१,४२,४३,४४,४५,४६, ४७,४८,४९,५२,५३,५४,५५,६१,६६,७२,७३,७४,७७,७९, ८२,८३,८४,८६,९६,९७,९८,९९,१००,१०३,१०५,१०६,१०७,१०९,११०,१२७,१३०,१३१,१३२,१३८,१३९,१४०, १६२,१६३,१६९,१७७,१७८,१८३,१८४,१९३,१९४,१९५,१९६,१९९,२११,२१२,२१७,२१८,२१९,२३२,२३३ समावेश कित्ताहरुको मूल्य रु. | ८०,००,००० | | | |

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | |
|---|---|---|---|---|
| ख) माथि उल्लेखित कित्ता बाहेक र विदाई ढुङ्गा देखि स्याङ खोलासम्मका मुल बाटोका दाँया बाँया पर्ने घडेरी जग्गाको मूल्य रु. | ५०,००,००० | | | |
| ग) माथि उल्लेखित कित्ता बाहेक ओम्स होम होटलबाट भित्र मालपोत नापी हुदै एअरपोर्ट गेट निस्कने भित्री सडकको दाँया बाँया पर्ने घडेरी जग्गाको मूल्य रु. | ५०,००,००० | | | |
| घ) विदाई ढुङ्गा देखि तल झोलुङ्गे पुलसम्म र एअरपोर्ट पश्चिम देखि स्याङ खोलासम्म खोलिएको तल्लो सडकको दाँया बाँया पर्ने घडेरी जग्गाको मूल्य रु. | २१,००,००० | | | |
| ङ) विदाई ढुङ्गा देखि रिसोर्ट जाने बाटोको दाँया बाँया तथा वरपरका जग्गाको मूल्य रु. | ११,००,००० | | | |
| च) मार्फा ५/ग का माथि उल्लेखित बाहेक मोटर बाटोले नछोएका भित्री घडेरी जग्गाको मूल्य रु. | ११,००,००० | | | |
| छ) मार्फा ५/ग जोमसोम रिसोर्ट र वरपरका जग्गाको मूल्य रु. | १०,००,००० | | | |
| ज) स्याङ खोला देखि मार्फा खोलासम्मको मूल बाटोको दाँया बाँया पर्ने जग्गाको मूल्य रु. | ३५,००,००० | २१,७५,००० | २१,५०,००० | २१,२५,००० |
| झ) स्याङ गाउँका भित्री कच्ची मोटर बाटोले छोएका घडेरी जग्गाको मूल्य रु. | १४,००,००० | | | |
| ञ) स्याङ गाउँका मोटर बाटोले नछोएका घडेरी जग्गाको मूल्य रु. | १०,००,००० | | | |
| ट) मार्फा खोला देखि थासाङ सिमानासम्म मूल बाटोको दाँया बाँया पर्ने जग्गाको मूल्य रु. | ५०,००,००० | २२,५०,००० | २२,००,००० | २१,५०,००० |
| ठ) मार्फा गाउँका भित्री कच्ची मोटरबाटोले छोएका घडेरी र पुरानो बजार क्षेत्रको घडेरी जग्गाको मूल्य रु. | १३,५०,००० | | | |
| ड) मार्फा गाउँका मोटर बाटोले नछोएका घडेरी जग्गाको मूल्य रु. | १०,५०,००० | | | |
| | अब्बल | दोयम | सिम | चाहार |
| ढ) वडा नं. २ र ३ का स्याउ बगैचा भएको जग्गाको मूल्य रु. | ५,००,००० | ४,७५,००० | ४,५०,००० | ४,२५,००० |
| ण) मार्फा र स्याङ गाउँका फलफूल स्याउ बगैचा नभएको खेती योग्य जग्गाको मूल्य रु. | ४,००,००० | ३,२५,००० | ३,००,००० | ३,००,००० |
| त) मार्फा र स्याङ गाउँका माथि उल्लेखित बाहेकका अन्य जग्गाको मूल्य रु. | १,१०,००० | १,०५,००० | १,००,००० | ९५,००० |
| ३. घरपझोङ गाउँपालिका वडा नं. ४ र ५ (साविक ठिनी हाल जोमसोम) | | | | |
| क) मार्फा जोमसोम सिमाना देखि पक्कीपुल हदै पारी बसपार्क सम्म दाँया बाँया पर्ने घडेरी जग्गाको मूल्य रु. | ५०,००,००० | | | |
| ख) जोमसोम कभर्डहल देखि जिल्ला प्रशासन हुदै काठेपुल सम्मका मुलबाटोमा दाँया बाँया पर्ने घडेरी जग्गाको मूल्य रु. | ४०,००,००० | | | |
| ग) जोमसोम बजारका भित्री सडकले छोएका घडेरी जग्गाको मूल्य रु. | १५,५०,००० | | | |

मोहन सिंह लालचन
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| घ) जोमसोम बजारका भित्री सडकले नछोएका घडेरी जग्गाको मूल्य रु. | १०,५०,००० | | | |
| ङ) बसपार्क देखि पाण्डाखोला सम्म मूल सडकको दाँया बाँया पर्ने जग्गाको मूल्य रु. | २०,००,००० | | | |
| | अब्बल | दोयम | सिम | चाहार |
| च) जोमसोम बसपार्क ठिनी गाउँ रिङरोड हुदै सम्ले ढुम्बा खोला हुँदै स्याङ झोलुङ्गे पुल र वडा नं. १ को सिमाना सम्मको कच्ची मोटर बाटोको दाँया बाँया पर्ने जग्गाको मूल्य रु. | १०,००,००० | ८,२५,००० | ८,००,००० | ७,७५,००० |
| छ) ठिनी, ढुम्बा र सम्ले गाउँका घडेरी जग्गाको मूल्य रु. | ७,५०,००० | | | |
| ज) ठिनी गाउँ हुदै कैसाङ जाने मोटरबाटो र कैसाङ एरियाको जग्गाको मूल्य रु. | ६,५०,००० | | | |
| | अब्बल | दोयम | सिम | चाहार |
| झ) ठिनी गाउँ तल जोमसोम बजार माथि रहेको ठिनी फाँटका स्याउबारी तथा जग्गाको रु. | ६,००,००० | ५,५०,००० | ५,००,००० | ४,५०,००० |
| ञ) अन्य ठाउँको स्याउ बगैचाको | ५,००,००० | ४,५०,००० | ४,००,००० | ३,५०,००० |
| ट) माथि उल्लेखित बगैचा बाहेक खेतीयोग्य जग्गाको मूल्य रु. | ३,५०,००० | ३,२५,००० | ३,००,००० | २,७५,००० |
| ठ) माथि उल्लेखित बगैचा बाहेकका अन्य जग्गाको मूल्य रु. | १,१०,००० | १,०५,००० | १,००,००० | ९५,००० |

## विनियोजन विधेयक, २०८३

**प्रस्तावना:**

घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, घरपझोङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "घरपझोङ गाउँपालिकाको विनियोजन विधेयक,२०८३" रहेको छ ।

(२) यो विधेयक स्वीकृत भए पश्चात सम्वत् २०८३ श्रावण १ गतेबाट लागू हुनेछ ।

**२.आर्थिक वर्ष २०८३।८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०८२।८३ को निमित्त गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३९,१४,९४,०००/- (उनान्चालिस करोड चौध लाख चौरानब्बे हजार रुपैयाँ)मा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

**३. विनियोजन:**

(१) यस ऐन द्वारा स्थानीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।८४ को निमित्त घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**४. विशेष व्यवस्था:**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस गाउँपालिका क्षेत्रभित्र हुनसक्ने महामारीको संक्रमणको न्यूनीकरण, राहत तथा उद्धार, आइसोलेसन व्यवस्थापन समेतका साथै सोही प्रकृतिका सम्भावित खर्चहरुमा विनियोजित कोषले अपुग हुने अवस्था सिर्जना भएमा जनताको जीउज्यानको रक्षाको लागि कार्यपालिकाको निर्णयबाट अन्य कुनै पनि शीर्षकहरुबाट प्रकोप व्यवस्थापन कोषमा रकम रकमान्तर गर्न सकिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै व्यवस्था गरिएतापनि संघीय तथा प्रदेश सरकार र यस गाउँपालिकाको आन्तरिक श्रोत प्रक्षेपित अनुमान बमोजिम प्राप्त हुन नसकी आगामी आर्थिक वर्षका लागि छानिएका योजना तथा कार्यक्रमहरु सबै कार्यान्वयन गर्न नसकिएमा यस ऐन विपरित भएको मानिने छैन ।

**क. श्रोत अनुमान तथा आय व्ययको विवरण :-**

**आर्थिक वर्ष २०८३/०८४ को लागि बजेट सीमा निर्धारण तथा आय व्यय विवरण**

| अनुमानित आय | | | अनुमानित व्यय | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम रु. | सि.नं. | विवरण | रकम रु. | कैफियत |
| १ | वित्तिय समानिकरण संघ | ७६२००००० | १ | चालु खर्च अनुमान | १०८२४०००० | |
| २ | वित्तिय समानिकरण प्रदेश | ७५१७००० | २ | सशर्त तर्फ संघीय चालु खर्च | ९९१००००० | |
| ३ | राजस्व बाँडफाँड संघ (भ्याट) | ६२०७४००० | ३ | विशेष अनुदान तर्फ संघीय खर्च | १०००००००० | |
| ४ | राजस्व बाँडफाँड संघ (अन्तःशुल्क) | २६६०३००० | ४ | प्रदेश विशेष योजना खर्च | ४०००००० | |

... सिंह लालचन

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | सवारी साधन करको बाँडफाँड प्रदेश | ३५००००० | ५ | प्रदेश समपुरक आयोजना | ६०००००० | |
| ६ | सशर्त अनुदान संघ चालु | ९९१००००० | ६ | समपुरक कोष | ८५००००० | |
| ७ | विशेष अनुदान संघ | १००००००० | ७ | फोहोर मैला व्यवस्थापन (चालु तर्फ) कर्मचारी व्यवस्थापन समेत | २५००००० | |
| ८ | समपुरक अनुदान संघ | २५००००० | ८ | पञ्च संभव मार्गमा धार्मिक तथा पर्यटन पूर्वाधार निर्माण | १०००००० | |
| ९ | प्रदेश सरकार विशेष अनुदान | ४०००००० | ९ | आवश्यकतामा आधारित पर्यटन र अन्य पूर्वाधार निर्माण तथा मर्मत | १०१९८००० | |
| १० | प्रदेश सरकार समपुरक अनुदान | ६०००००० | १० | मूर्तिककला संरक्षण तथा धार्मिक/सांस्कृतिक र शालिग्राम पार्क निर्माण | ८५००००० | |
| ११ | चालु आ.व. बाट दायित्व सर्ने रकम | ३०३८०००० | ११ | ग्याविन बक्स/तार जाली खरिद | ५००००० | |
| १२ | आन्तरिक श्रोत | १२५००००० | १२ | स्थानीय जनता संग साझेदारी कार्यक्रम | २०००००० | |
| १३ | चालु आ.व.का कार्यक्रम बाट खर्च नभई बचत रकम (बैंक मौज्दात)/ अ.ल्या | ५११२०००० | १३ | कर्मचारी कल्याण कोष | २०००००० | |
| | जम्मा | ३९१४९४००० | १४ | नागरिक सहायता/परोपकार कोष | १०००००० | |
| | | | १५ | स्थानीय कला संस्कृति झल्किने गरी माटोको हस्तकला तालिम (GtoG) | १०००००० | |
| | | | १६ | उत्पादन र उद्यमशिलता मार्फत रोजगारी सृजना तथा न्यूनतम रोजगारी प्रत्याभुति, सिपविकास, उद्यमशिलता प्रवर्धन र पुन एकिकरण सम्वन्धी कृयाकलाप संचालन(गाउँपालिका तर्फबाट साझेदारी) | १२५०००० | |
| | | | १७ | अध्यक्ष संग जनता कार्यक्रम (पूजिगत तर्फ) | ४०००००० | |
| | | | १८ | उपाध्यक्ष संग जनता कार्यक्रम (चालु तर्फ) | २५००००० | |
| | | | १९ | पूर्वाधार शाखाको लागि सामाग्री खरिद | १०००००० | |
| | | | २० | जनवाल मा.वि. भवन निर्माण, मार्फाको साझेदारी रकम | १००००००० | |
| | | | २१ | यारोझो भ्यू टावर व्यवस्थापन तथा पूर्वाधार निर्माण योजना | ५००००० | |
| | | | २२ | ठिनी-यारोझो साईकल ट्र्याक निर्माण योजना | ५००००० | |
| | | | २३ | स्याङ गाउँमा ढल निकास तथा छपनी बिछ्याउने योजना | ५०००००० | |
| | | | २४ | नमुलेक जाने सडक बाटो निर्माण | २०००००० | |
| | | | २५ | छ्यामा ताल जाने मोटरसाइकल बाटो निर्माण | १०००००० | |

सिंह लालचन

गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | |
|---|---|---|---|
| २६ | स्याङ पर्यटन पूर्वाधार निर्माण योजना (प्रतिक्षालय नजिक ॐ तयार गर्ने) | २०००००० | . |
| २७ | मार्फा उकालो जाने सिढी सौन्दर्यकरण र पार्क व्यवस्थापन योजना | २०००००० | |
| २८ | जोमसोम बजार र गाउँमा रहेका भित्री गल्लीहरुको सौन्दर्यकरण योजना तथा अन्य पूर्वाधार | १०००००० | |
| २९ | छैरो आधारभुत विद्यालयमा आवासय व्यवस्थापन | १५००००० | |
| ३० | चिमाङ आधारभूत स्वास्थ्य चौकी, स्याङ आधारभूत स्वास्थ्य चौकी, ठिनी स्वास्थ्य चौकीमा हट रुम (Hot room) निर्माण (७०००००x३) | २१००००० | |
| ३१ | मार्फा बस पार्क निर्माण (टहरा सहितको) | ४०००००० | |
| ३२ | जोमसोम एयरपोर्ट पार्क निर्माण | १०००००० | |
| ३३ | स्थानीय कला संस्कृति झल्किने आर्ट तथा भित्ते लेखन | १०००००० | |
| ३४ | पालिकाको पर्यटन र सूचना मुलक पुस्तक छपाई | ५००००० | |
| ३५ | साईकल रेली कार्यक्रम आयोजना (साईकल खरिद समेत) | १०००००० | |
| ३६ | भवन रंगरोगन एकरुपता दिने कार्यक्रमको लागि अनुदान | २०००००० | |
| ३७ | ऐतिहासिक कुछप तेरङा गुम्बाको जिर्ण रहेको कलात्मक भागको विज्ञहरुबाट अध्ययन प्रतिवेदन तयार गर्ने(पुनर्निर्माण/संरक्षण) | ५००००० | |
| ३८ | सडक बत्ती जडान गर्ने योजना, गाउँपालिका भित्र मुल सडकको बाँकि रहने स्थानहरुमा | ७५००००० | दायित्व सर्ने |
| ३९ | जोमसोम खानेपानी एप्पल टंकी निर्माण, जोमसोम | ६०००००० | " |
| ४० | मार्फा कभर्डहल निर्माण सम्पन्न गर्ने, मार्फा | ९०००००० | " |
| ४१ | विभिन्न स्थानमा प्रतिक्षालय डोमहाउस राखे | २५००००० | " |
| ४२ | जोमसोम सडक बत्ती | २१००००० | " |
| ४३ | प्रशासनिक भवनमा अत्याधुनिक बैठक कक्षमा फर्निचर व्यवस्थापन गर्ने | १०००००० | " |
| ४४ | प्रशासनिक भवनमा अत्याधुनिक बैठक कक्षमा साउण्ड सिस्टम र अन्य इलेट्रोनिक्स र इलेक्ट्रिकल्स उपकरण व्यवस्थापन गर्ने | ५००००० | " |

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | |
|---|---|---|---|
| ४५ | सम्ले ढुम्बा सडक बत्ती | ६५०००० | „ |
| ४६ | जोमसोम छपनी बिच्याउने योजना, घरपझोङ-४ | ११३०००० | „ |
| | जम्मा | ३४१२६८००० | |
| | वडाहरुको बजेट सिलिङ | ३५०००००० | |
| | <u>विषयगत समिति अन्तर्गत शाखाहरुको बजेट सिलिङ</u> | | |
| १ | आर्थिक विकास तर्फ | ६०८०००० | |
| २ | सामाजिक विकास तर्फ | ७८४६००० | |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन तर्फ (फोहोर संकलन केन्द्र निर्माण ढुम्बा र मार्फा सामाग्रीमा) | ५००००० | |
| ५ | सुशासन तथा संस्थागत विकास तर्फ | ८००००० | |
| | जम्मा | १५२२६००० | |
| | कुल जम्मा | ३९१४९४००० | |

**ख) चालु खर्च तर्फको विस्तृत खर्च अनुमान :-**

| आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम | | | | |
|---|---|---|---|---|
| चालु खर्च तर्फको अनुमान (अनुसुची १) | | | | |
| क्र.सं. | शीर्षक नं | विवरण | आगामी आ.व.२०८३/०८४ को अनुमान | कैफियत |
| १ | २११११ | कर्मचारी पारिश्रमिक | ३००००००० | |
| २ | २१११२ | पदाधिकारी सेवा सुविधा | ९०००००० | |
| ३ | २११२१ | पोशाक | ८५००००० | |
| ४ | २११३१ | स्थानीय भत्ता | २८००००० | |
| ५ | २११३२ | महंगी भत्ता | १९००००० | |
| ६ | २११३४ | बैठक भत्ता | ७००००० | |
| ७ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५००००० | |
| ८ | २२१११ | पानी बिजुली | १२००००० | |
| ९ | २२११२ | संचार महसुल | ८००००० | |
| १० | २२२११ | इन्धन (पदाधिकारी) | १०००००० | |
| ११ | २२२१२ | इन्धन कार्यालय प्रयोजन | १५००००० | |
| १२ | २२२१३ | सवारी साधन मर्मत खर्च | २०००००० | |
| १३ | २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च | ५००००० | |
| १४ | २२२१४ | बीमा तथा नविकरण | १०००००० | |
| १५ | ३११२३ | फर्निचर फिक्चर्स | ३००००० | |
| १६ | २२३१९ | अन्य कार्यालय संचालन खर्च | १००००० | |
| १७ | २२३११ | मसलन्द कार्यालय सामाग्री | २०००००० | |
| १८ | २२३१५ | पत्रपत्रिका छपाइ, सुचना | १२००००० | |
| १९ | २२४११ | सेवा र परामर्श शुल्क | २०००००० | |
| २० | २२६११ | अनुगमन मूल्याङ्कन | ६००००० | |
| २१ | २२६१२ | भ्रमण खर्च | १७००००० | |
| २२ | २२७११ | विविध | १५००००० | |
| २३ | २२७२१ | गाउँ सभा संचालन खर्च | ३००००० | |

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | |
|---|---|---|---|---|
| २४ | | सामाजिक परिक्षण | २००००० | |
| २५ | | योजना व्यवस्थापन तथा प्रशासनीक खर्च | ५००००० | |
| २६ | २२७११ | अतिथी सत्कार | १५००००० | |
| २७ | २२५२२ | अन्य कार्यक्रम खर्च | २५००००० | |
| २८ | २२४१३ | करार सेवा शुल्क | ९५००००० | |
| २९ | | प्रदेश अस्पतालमा फार्मेसि सहायकको पारिश्रमिक अनुदान | ५६२००० | |
| ३० | | जनप्रतिनिधी र कर्मचारीको क्षमता अभिवृद्धि तालिम (AI तालिम समेत) | ५००००० | |
| ३१ | | अध्ययन अवलोकन भ्रमण | २०००००० | |
| ३२ | | स्वास्थ्य चौकी व्यवस्थापन विविध खर्च समेत | ५००००० | |
| ३३ | | वडा कार्यालय प्रशासनिक तथा विविध | १५००००० | |
| ३४ | | परिचयात्मक मायाको चिनो तथा डायरी वा अन्य | ५००००० | |
| ३५ | | स्थानीय नागरिकहरुलाई विभिन्न सिपमुलक तालिम संचालन गर्ने | १०००००० | |
| ३६ | | शिक्षा थप तलब करार कर्मचारी (वालविकास सहजकर्ता, विद्यालय कर्मचारी र सहयोगी) | २५००००० | |
| ३७ | | सडक वत्ति महशुल तथा मिटर व्यवस्थापन | ८००००० | |
| ३८ | | अध्यक्ष कप खेलकुद कार्यक्रम | ५००००० | |
| ३९ | | विपद व्यवस्थापन कोष | १०००००० | |
| ४० | | अन्य नागरिक सहायता कार्यक्रम | ५००००० | |
| ४१ | | विभिन्न संघ संस्थाहरुलाई सहयोग | ५००००० | |
| ४२ | | घरभाडा | १००००० | |
| ४३ | | लैंगिक स.सा.स. परिक्षण GRB परिक्षण | २००००० | |
| ४४ | | सामी कार्यक्रम खर्च (तलब भत्ता तथा व्यवस्थापन खर्च समेत) | ३५०००० | |
| ४५ | | पुस्तक तथा सामाग्री खर्च | १००००० | |
| ४६ | | मेलमिलाप केन्द्र व्यवस्थापन | १००००० | |
| ४७ | | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | ३००००० | |
| ४८ | | विभिन्न दिवस तथा गोष्ठी र अन्य कार्यक्रम | ३००००० | |
| ४९ | | वार्षिक समिक्षा कार्यक्रम | ५०००० | |
| ५० | | न्यायीक समिति संचालन खर्च | ५०००० | |
| ५१ | | प्रदेश अस्पतालमा डाक्टरको लागि प्रोत्साहन अनुदान | ४८०००० | |
| ५२ | | महिला स्वास्थ्य स्वयम सेविकालाई संचार तथा प्रोत्साहन रकम(प्रति व्यक्ति वार्षिक रु.१२०० संचार र २००० प्रोत्साहन) | ४८००० | |
| ५३ | | पर्यटन प्रवर्द्धनको कार्यक्रम तथा पर्यटन पूर्वाधार र अन्य (चालु) | २५००००० | |
| ५४ | | पोषण कर्नर तथा स्तनपान कक्ष व्यवस्थापन | ३००००० | |
| ५५ | | वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा सोलार ब्याक अप व्यवस्थापन | १०००००० | |
| ५६ | | पर्यटन सुचना केन्द्रमा थप सामाग्री व्यवस्थापन | २००००० | |
| ५७ | | ७५३ वटै स्थानीय तहका प्रमुखहरुको वातावरण तथा जलवायु परिवर्तन सम्मेलन | ४०००००० | |
| ५८ | | विभिन्न सभासमारोह खर्च (योजना उदघाटन समेत) | ५००००० | |
| | | जम्मा रकम | १०८२४०००० | |

सिंह लालचन

बारागुङ मुक्तिक्षेत्र गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

ग) विषयगत समितिहरुको याजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन विवरण :-

| आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम | | | | |
|---|---|---|---|---|
| शिक्षा शाखा | | | | |
| क्र.सं. | शीर्षक नं | विवरण | आगामी आ.व. २०८३/०८४ को अनुमान | कैफियत |
| १ | | कक्षा ६ देखि १० सम्मको परिक्षा संचालन तथा व्यवस्थापन (कक्षा ८ को प्रमाणिकरण समेत) | ३००००० | |
| २ | | कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यपुस्तक छपान तथा वितरण | ५००००० | |
| ३ | | कक्षा १ देखि ५ सम्मको विद्यार्थी मूल्याङ्कन फाराम छपाई तथा वितरण | १५०००० | |
| ४ | | प्र.अ बैठक तथा शिक्षा समिति बैठक खर्च | १००००० | |
| ५ | | शैक्षिक क्यालेण्डर छपाई तथा वितरण | १००००० | |
| ६ | | विद्यालय स्तरीय खेलकुद प्रतियोगिता तथा अन्य अतिरिक्त क्रियाकलाप संचालन | ४००००० | |
| ७ | | शिक्षक पेशागत विकासको लागि विभिन्न किसिमका तालिम संचालन मन्टेश्वरी सहित | ३००००० | |
| ८ | | शिक्षा समिति विद्यालय अनुगमन | ३०००० | |
| ९ | | IEMIS अध्यावधिक तालिम संचालन | ३०००० | |
| १० | | शिक्षकको विषयगत समिति गठन एवम परिचालन | १००००० | |
| ११ | | विद्यालय सफा राख्ने विद्यालय र उत्कृष्ट शैक्षिक नतिजा हासिल गर्ने विद्यार्थी, शिक्षक र विद्यालयलाई सम्मान कार्यक्रम | १००००० | |
| १२ | | विद्यालय दिवा खाजा अनुदान थप | ८००००० | |
| १३ | | विद्यालय हाता भित्र साना स्तरको बेकरी उद्योग स्थापना (जनहित मा.वि) | ३००००० | |
| १४ | | विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम (करेसाबारी प्रवर्द्घन, जनहित मावि) | २००००० | |
| १५ | | गाउँ शिक्षा योजनाको कार्यान्वयन | ५००००० | |
| | | जम्मा | ३९१०००० | |
| स्वास्थ्य शाखा | | | | |
| क्र.सं. | शीर्षक नं | विवरण | आगामी आ.व. २०८३/०८४ को अनुमान | कैफियत |
| १ | | पूर्ण संस्थागत सुत्केरी तथा सुनौला एक हजार दिन कार्यक्रम (बहुक्षेत्रीय पोषण कार्यक्रम सहित) | २५०००० | |
| २ | | स्वास्थ्य बीमा कार्यक्रम (दलित,अपाङ्गता भएका व्यक्ति तथा विपन्न नागरिक तथा सा.म.स्वा.स्व.से.) प्रिमियम भुक्तानी, सचेतना तथा अन्य व्यवस्थापन खर्च समेत | ८००००० | |
| ३ | | पूर्ण खोप सुनिश्चितता दिगोपन कार्यक्रम | ५०००० | |
| ४ | | घरदैलो कार्यक्रम अन्तर्गत गाउँघर क्लिनिक तथा ग्रामिण अल्ट्रासाउण्ड संचालन यातायात खर्च, अनुगमन तथा सामाग्री व्यवस्थापन | १००००० | |

सिंह लालचन

गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | |
|---|---|---|---|---|
| ५ | | मार्फा स्वास्थ्य चौकीमा २४ घण्टे सेवा विस्तार गर्न अतिरिक्त भत्ता व्यवस्था | ५०००० | |
| ६ | | स्वास्थ्य संस्था तथा स्वास्थ्य शाखाको लागि मेडिकल, ईमर्जेन्सी औषधी तथा अन्य सामाग्री खरिद (स्वास्थ्य संस्थाको सुदृढिकरण) | ४००००० | |
| ७ | | स्वास्थ्यकर्मी क्षमता अभिवृद्धि कार्यक्रम | १००००० | |
| ८ | | उपाध्यक्ष संग वृहत स्वास्थ्य शिविर संचालन | ५००००० | |
| ९ | | म.सा.स्वा.स्वं.से. को लागि First Aid Box खरिद | ४०००० | |
| १० | | म.सा.स्वा.स्वं.से.लाई प्रोत्साहन भत्ता तथा रिचार्ज रकम | १६००० | |
| ११ | | महिला सामुदायिक स्वास्थ्य सवयं सेविका अर्धवार्षिक समिक्षा तथा महिला स्वास्थ्य स्वयं सेविका दिवस मनाउने कार्यक्रम | ५०००० | |
| १२ | | आकस्मिक स्वास्थ्य योजना, स्वास्थ्य सम्बन्धी ऐन, नियमहरु निर्माण कार्यक्रम | १००००० | |
| | | **जम्मा** | **२४५६०००** | |

## महिला, बालबालिका तथा समाजकल्याण शाखा

| क्र.सं. | शीर्षक नं | विवरण | आगामी आ.व. २०८३/०८४ को अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | | अन्तर्राष्ट्रिय महिला दिवस (विविध सचेतना कार्यक्रम सहित) | १२०००० | |
| २ | | स्थानीय बाल सञ्जाल कार्यक्रम सन्चालन खर्च | २५०००० | |
| ३ | | गाउपालिका भित्रका सामुदायिक विद्यालयहरुबाट २०८१ सालको एस.ई.इं.परीक्षामा साधारण र प्राविधिक धारतर्फ उत्कृट छात्र/छात्रा १/१ जनालाई पुरस्कृत कार्यक्रम (जम्मा ४ जना) | ६०००० | |
| ४ | | स्थानीय बाल अधिकार समिति, वडा समिति, बाल मैत्री स्थानीय गाउँ, वडा समिति, समुदाय स्तर समितिको बैठक तथा क्षमता अभिवृद्धि कार्यक्रम | २००००० | |
| ५ | | बालबालिका सम्बन्धि स्थिति पत्र तयारी तथा प्रकाशन | ५०००० | |
| ६ | | बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रम | ५००००० | |
| ७ | | बाल कोष | २०००० | |
| ८ | | बाल अधिकार, बालबालिका विरुद्ध हुने हिंसा, बेविखन, शोषण, बेवास्ता र दुर्व्यवहार सम्बन्धी सचेतना कार्यक्रम | ५०००० | |
| ९ | | बालक्लबहरुको क्षमता अभिवृद्धि तालिम | १००००० | |
| १० | | अपाङ्गता परिचय पत्र वितरण समितिको बैठक तथा परिचय पत्र वितरण | ४०००० | |
| ११ | | अपाङ्गता भएका विद्यार्थीहरुलाई स्टेशनरी सामाग्री वितरण | ३०००० | |
| १२ | | अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यकतामा आधारित सहायक सामाग्री विरण | ५०००० | |
| १३ | | जेष्ठ नागरिक परिचय पत्र वितरण | १०००० | |
| | | **जम्मा** | **१४८००००** | |

## सुशासन तथा संस्थागत विकास समिति तर्फ

| क्र.सं. | शीर्षक नं | विवरण | आगामी आ.व. २०८३/०८४ को अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | | गाउँकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरु र स्वास्थ्य संस्थाका विधुतिय हाजिर सुचना प्रविधी विभागको सर्भरमा लिंक गर्ने | ५००००० | |
| २ | | कानून बमोजिम सार्वजनिक सुनुवाई कार्यक्रम | १५०००० | |

सोहन सिंह लालचन
अध्यक्ष

...उँ सभाको सचिवाल...
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | |
|---|---|---|---|---|
| ३ | | गाउँपालिकाको आन्तरिक राजस्व वृद्धिका लागि कर प्रशासन संचालन र करदाता शिक्षा कार्यक्रम | १५०००० | |
| | | जम्मा | ८००००० | |

## घ) ५ वटा वडाहरुको योजना तथा कार्यक्रमहरुको बजेट विनियोजन विवरण :-

| आर्थिक बर्ष २०८३।८४ को वडा स्तरका स्वीकृत योजनाहरुको विवरण | | | | |
|---|---|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रमको विवरण | वडा/स्थान | बजेट अनुमान | कैफियत |
| १ | छैरो खेतबारीमा फेन्सीङ जाली निर्माण | घरपझोङ-१ | २३००००० | पूजिगत |
| २ | छैरो खेलमैदानमा रङरोगन र अन्य पूर्वाधार निर्माण | घरपझोङ-१ | ५००००० | पूजिगत |
| ३ | छैरो स्नान गृह निर्माण | घरपझोङ-१ | ७००००० | पूजिगत |
| ४ | चिमाङ फेन्सीङ जाली मुनि डी.वि.सी. निर्माण तथा अन्य पूर्वाधार निर्माण | घरपझोङ-१ | १७००००० | पूजिगत |
| ५ | चिमाङ सामुदायिक भवन माथि हटरुम निर्माण | घरपझोङ-१ | ९००००० | पूजिगत |
| ६ | चिमाङ मिलिजुली दलित समाजको किचन निर्माण | घरपझोङ-१ | ४००००० | पूजिगत |
| ७ | चिमाङ महिला समूहको लागि थ्रेसर मिसन खरिद | घरपझोङ-१ | १००००० | पूजिगत |
| ८ | चिमाङ चर्चको अधुरो कार्य निर्माण | घरपझोङ-१ | ३००००० | पूजिगत |
| ९ | चिमाङ मिलिजुली दलित समाज घरमा किचन सामाग्री खरिद | घरपझोङ-१ | १००००० | पूजिगत |
| | जम्मा | | ७०००००० | |
| १ | प्रङ्गारिक मल अनुदान कार्यक्रम | घरपझोङ-२ | १८००००० | चालु |
| २ | भोमी सिंचाई नहर निर्माण तथा मर्मत योजना | घरपझोङ-२ | ५००००० | पूजिगत |
| ३ | सपि कृषि फर्म जाने कृषि सडक मर्मत योजना | घरपझोङ-२ | ५००००० | पूजिगत |
| ४ | मार्फा गाउँभित्र छपनी मर्मत तथा फलामको फ्रेम निर्माण गर्ने योजना | घरपझोङ-२ | ३००००० | पूजिगत |
| ५ | स्थानीय घट्ट निर्माण तथा मर्मत योजना | घरपझोङ-२ | ३००००० | पूजिगत |
| ६ | मार्फा सम्तेछ्योलिङ गुम्बाको अवतारी लामाको गद्दी खरिद योजना | घरपझोङ-२ | ६००००० | पूजिगत |
| ७ | कालीगण्डकी तटबन्धन तथा नदि नियन्त्रण | घरपझोङ-२ | १०००००० | पूजिगत |
| ८ | धमाङ रिङरोड कृषि सडक मर्मत तथा स्तर उन्नती | घरपझोङ-२ | ६००००० | पूजिगत |
| ९ | दलित किरिया घरमा किचन निर्माण तथा शौचालय मर्मत योजना | घरपझोङ-२ | २००००० | पूजिगत |
| १० | मार्फा सामुदायिक भवनको किचन तथा कुटानी मिल भवनको मर्मत तथा जेनेरेटरको सेढ हाउस निर्माण | घरपझोङ-२ | १२००००० | पूजिगत |
| | जम्मा | | ७०००००० | |
| १ | भलपानी तथा ढल निकास पुथाङ र एक्लेभट्टी | घरपझोङ-३ | ६००००० | पूजिगत |
| २ | पुथाङ एयरपोर्ट खानेपानी मर्मत (सताङ फू) | घरपझोङ-३ | ३००००० | पूजिगत |
| ३ | वकिङ तथा साईकिलिङ ट्रेल (पुथाङ एयरपोर्ट-झोचि-किचि-थाङ हुँदै स्याङ) क्रमागत | घरपझोङ-३ | ७००००० | पूजिगत |
| ४ | सार्वजनिक शौचालय मर्मत | घरपझोङ-३ | १०००००० | पूजिगत |
| ५ | इन्डोर भवन मर्मत, स्याङ | घरपझोङ-३ | १०००००० | पूजिगत |
| ६ | सी.सी.क्यामरा खरिद तथा जडान, स्याङ गाउँ | घरपझोङ-३ | ३००००० | पूजिगत |
| ७ | स्यापूली खानेपानी मर्मत | घरपझोङ-३ | ३००००० | पूजिगत |
| ८ | सिंचाई पानी निकासा पुल्चोक | घरपझोङ-३ | ३००००० | पूजिगत |
| ९ | सहकारी कार्यालय अगाडी छपनी बिछ्याउने | घरपझोङ-३ | २५०००० | पूजिगत |
| १० | खिल्हा मेला सञ्चालन | घरपझोङ-३ | १५०००० | चालु |
| ११ | संस्कृति संरक्षणको लागि भेषभुषा खरिद | घरपझोङ-३ | ३००००० | चालु |
| १२ | स्याङ पक्की पुल देखि चाङ्फु-नै जाने धार्मिक तथा कृषि सडक निर्माण | घरपझोङ-३ | १८००००० | पूजिगत |
| | जम्मा | | ७०००००० | |
| १ | बाल विकास केन्द्र खेलकुद सामाग्री व्यवस्थापन | घरपझोङ ४ | ५००००० | चालु |
| २ | वडा कार्यालय अगाडीको खाली क्षेत्र ढलान | घरपझोङ ४ | २०००००० | पूजिगत |
| ३ | जोमसोम महिला समुह भवन अगाडी ढल व्यवस्थापन | घरपझोङ ४ | ३००००० | पूजिगत |

...सिंह लालचन

...गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | |
|---|---|---|---|---|
| ४ | जोमसोम दलित समुह भाडा तथा फर्निचर खरिद | घरपझोङ ४ | २००००० | पूजिगत |
| ५ | सामुदायिक दन्त उपचार केन्द्र, चिकित्सक पारिश्रमिक | घरपझोङ ४ | २००००० | चालु |
| ६ | लोपनकुचे बत्ति बाल्ने भवन, फेन्सिङ जाली सम्पन्न | घरपझोङ ४ | ५००००० | पूजिगत |
| ७ | भोतोघाङ बत्ति बाल्ने घर सम्पन्न गर्ने योजना | घरपझोङ ४ | ३००००० | पूजिगत |
| ८ | तिनधार भिरकुना-पानीघट्ट पाइपलाइन व्यवस्थापन | घरपझोङ ४ | ५००००० | पूजिगत |
| ९ | बाल मन्दिर देखि भिरकुना सम्म बाटो ढलान | घरपझोङ ४ | १०००००० | पूजिगत |
| १० | जोमसोम खानेपानी दोस्रो मुहान संरक्षण | घरपझोङ ४ | ३००००० | पूजिगत |
| ११ | बाह्रगाउँ समाज फर्निचर व्यवस्थापन | घरपझोङ ४ | ३००००० | पूजिगत |
| १२ | खेलमैदान(कभर्ड हल) फेन्सिङ जाली सम्पन्न गर्ने | घरपझोङ ४ | ४००००० | पूजिगत |
| १३ | साविक ८ नम्बर वडा काठेपुल वस्तिमा ढल निर्माण | घरपझोङ ४ | ५००००० | पूजिगत |
| | जम्मा | | ७०००००० | |
| १ | छपनी विछ्याउने (क्रमागत), ठिनी | घरपझोङ-५ | ७००००० | पूजिगत |
| २ | कुछप तेरङा (गुम्बा) सडक स्तर उन्नती | घरपझोङ-५ | २५००००० | पूजिगत |
| ३ | ठिनी जेष्ठ नागरिक दिवा कोठा निर्माण | घरपझोङ-५ | १०००००० | पूजिगत |
| ४ | बाल उद्यान निर्माण (भुतिथाङ) | घरपझोङ-५ | ५००००० | पूजिगत |
| ५ | ढुम्बा खेत पहिरो नियन्त्रण | घरपझोङ-५ | ४००००० | पूजिगत |
| ६ | दलित समाज घरमा फर्निचर तथा भाँडा खरिद, ठिनी | घरपझोङ-५ | २००००० | पूजिगत |
| ७ | सिंचाईं कुलो के ख तथा स्ल्याब(ढल) निर्माण, ठिनी | घरपझोङ-५ | ३००००० | पूजिगत |
| ८ | डस्टबिन खरिद (फोहर व्यवस्थापन), ठिनी | घरपझोङ-५ | ३००००० | चालु |
| ९ | कोत घरमा फर्निचर तथा अन्य सामाग्री खरिद, ठिनी | घरपझोङ-५ | ३००००० | पूजिगत |
| १० | सम्ले सिंचाई पोखरी तारबार गेट निर्माण, | घरपझोङ-५ | ३००००० | पूजिगत |
| ११ | स्याउ राख्ने रबरको टोकरी/क्रेट खरिद (स्याउ ग्राम), ठिनी | घरपझोङ-५ | ५००००० | चालु |
| | जम्मा | | ७०००००० | |

**कार्यसूची ६ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूको अनुमतिले उपाध्यक्ष श्री जमुना थापा मगरले यस गाउँपालिका हुँदै बग्ने कालीगण्डकी नदी र यस नदीका सहायक नदीनालाहरुले ढुङ्गा, गिट्टी, बालुवा लगायतका दहत्तर बहत्तर बर्षेनी थुपार्दै गएको र यस गाउँपालिका अन्नपूर्ण संरक्षण क्षेत्र अन्तर्गत पर्ने हुँदा व्यवस्थित गर्न नसकेकोले कालीगण्डकी नदी र यसका सहायक नदीनालाहरुको सतह बढ्दै गई रहेको हुँदा ठुलो बाढीजन्य विपद् आई नदी नजिकका बजार/बस्ती, तथा स्थानीय समुदायका खेती र खेतीयोग्य जमिनहरुमा ठुलो क्षति पुग्ने साथै जोमसोम बजार र स्याङ गाउँ लगायत नजिकमा अन्य गाउँबस्तीलाई समेत प्रभावित गर्ने सम्भावना रहेको हुँदा थुप्रिएर रहेका ढुङ्गा, गिट्टी, बालुवा लगायतका दहत्तर बहत्तरको उचित संकलन व्यवस्थापन ठेक्का प्रक्रियाबाट गर्न सकेको अवस्थामा गाउँपालिकाको आन्तरिक आम्दानी बढ्नुका साथै हाल व्यवस्थित हुन नसकेको ढुङ्गा, गिट्टी, बालुवाको संकलनलाई व्यवस्थापन गर्न सकिने हुँदा ठेक्का प्रक्रियामा जाने सम्बन्धी प्रस्ताव गाउँसभामा प्रस्तुत गर्नु भयो ।

गाउँसभामा प्रस्तुत भएको कालिगण्डकी नदीको दशत्तर बहत्तरको ठेक्का प्रक्रियाबाट व्यवस्थापन गर्ने सम्बन्धी प्रस्तावको समर्थनमा गाउँसभा सदस्य श्री बुद्ध हिराचनले आफ्नो भनाईहरु राख्नु भएको थियो ।

सभाध्यक्षज्यूबाट भनाई राख्नका लागि समय उपलब्ध गराउँदा अन्य सदस्यहरुबाट कुनै किसिमको भनाईहरु नराख्नु भएकोले कालिगण्डकी नदीको दशत्तर बहत्तरको ठेक्का प्रक्रियाबाट व्यवस्थापन गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

कालिगण्डकी नदीको दशत्तर बहत्तरको ठेक्का प्रक्रियाबाट व्यवस्थापन गर्ने सम्बन्धी प्रस्तावको पूर्णपाठ तपसिल बमोजिम रहेको छ।

सभाध्यक्ष ज्यू,
सभाध्यक्षज्यू को अनुमतिले कालिगण्डकी नदीको दहत्तर बहत्तरको ठेक्का प्रक्रियाबाट व्यवस्थापन गर्ने सम्बन्धी प्रस्ताव सभा समक्ष पेश गर्दछु।
कालिगण्डकी नदि किनारमा सदियौ देखि जमेर रहेको ढुङ्गा गिट्टि र बालुकाको कारण निकट भविष्यमा नै घरपझोङ गाउँपालिकामा पर्ने विभिन्न बजार क्षेत्र र वस्ति क्षेत्र प्रभावित हुने कुरा गाउँपालिका बासि आम जनसमुदाय र जनप्रतिनिधहरुलाई महशुस भएकै कुरा हो । घरपझोङ गाउँपालिका क्षेत्रभित्रको कालिगण्डकी किनारको दहत्तर बहत्तर संकलनको लागि गाउँसमामा पेश गर्दै उपयोगिता र औचित्यता माथी आफ्नो भनाइ राख्न चाहान्छु ।

घरपझोङ गाउँपालिका अन्तर्गत कालिगण्डकी नदी किनारमा थुप्रिने दहत्तर बहत्तर (बालुवा, गिट्टी, ढुङ्गा) को वैज्ञानिक एवं व्यवस्थित संकलनबाट स्थानीय पूर्वाधार निर्माणका लागि कच्चा पदार्थ सहज हुनु, स्थानीय सरकारको राजस्व वृद्धि हुनु र नदीको बहाव नियमित भई बाढीको जोखिम घट्नुका साथै, नदीजन्य पदार्थको व्यवस्थित उत्खनन तथा बिक्री वितरणबाट स्थानीय तहको आन्तरिक आयस्रोतमा वृद्धि हुन्छ, जुन रकम गाउँपालिकाको विकास निर्माणमा खर्च गर्न सकिन्छ।
स्थानीय स्तरमै गिट्टी, बालुवा र ढुङ्गा सहज र सस्तो मूल्यमा उपलब्ध हुँदा गाउँपालिका भित्रका सडक, भवन तथा अन्य भौतिक पूर्वाधार निर्माण कार्यले गति लिन्छ।

बाढीको समयमा नदी किनार वा बगरमा थुप्रिने दहत्तर बहत्तर (ढुङ्गा, गिट्टी, बालुवा) ले नदीको बहावलाई रोक्ने र धार परिवर्तन गराएर बस्ती तथा खेतीयोग्य जमिन कटान गर्ने जोखिम हुन्छ। यस्ता वस्तुहरूको व्यवस्थित संकलनले नदीको बहावलाई नियमित गरी विपदको जोखिम न्यूनीकरण हुने देखिन्छ ।

नदीजन्य पदार्थ संकलन तथा ढुवानी कार्यमा स्थानीय मजदुरहरूका लागि अल्पकालीन तथा दीर्घकालीन रोजगारीको अवसर सिर्जना हुने अवस्था हुने देखिन्छ ।
कालिगण्डकी किनार धार्मिक र पर्यटकीय दृष्टिले निकै महत्वपूर्ण क्षेत्र हो। बगरमा जम्मा हुने अनावश्यक ढुङ्गा तथा बालुवाको उचित व्यवस्थापनले नदी किनार सफा देखिनुका साथै वरपरका संरचनाहरू सुरक्षित रहनेछन।

अन्त्यमा,
दहत्तर बहत्तर संकलन गर्दा वातावरण संरक्षण ऐन यस संग सम्बन्धित प्रदेश सरकारले बनाएको कानुनी व्यवस्थाका साथै स्थानीय तहको कार्यविधि निर्माण गरी सोही बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरेर तोकिएको मापदण्ड र समयसीमाभित्र मात्र उत्खनन हुनेगरी कार्यपालिकाले निर्णय लिनुपर्दछ र कालिगण्डकी नदीको दहत्तर बहत्तरको ठेक्का प्रक्रियाबाट व्यवस्थापन गर्ने सम्बन्धी प्रस्ताव यस गरिमामय गाउँसभा समक्षा पेश गर्दछु ।

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

**कार्यसूची ७ बमोजिमको निर्णय :-**

चालु आ.व. २०८२।८३ को बार्षिक स्वीकृत बजेटको परिधि भित्र रहेर गाउँ कार्यपालिकाले अति आवश्यक तथा तुरुन्तै गर्नु पर्ने योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन गरी कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुलाई समर्थनका लागि सभाध्यक्षज्यूको अनुमतिले उपाध्यक्ष श्री जमुना थापा मगरले समर्थनको प्रस्ताव गाउँसभामा पेश गर्नु भयो ।

प्रस्तुत भएको योजना तथा कार्यक्रम समर्थनको प्रस्तावको समर्थनमा गाउँसभा सदस्य श्री अनिता घतानेले आफ्नो भनाईहरु राख्नु भयो ।

सभाध्यक्षज्यूबाट भनाई राख्नका लागि समय उपलब्ध गराउँदा अन्य सदस्यहरुबाट कुनै किसिमको भनाईहरु नराख्नु भएकोले गाउँ कार्यपालिकाले अति आवश्यक तथा तुरुन्तै गर्नु पर्ने योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन गरी कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुलाई समर्थनको प्रस्तावलाई निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

गाउँ कार्यपालिकाले अति आवश्यक तथा तुरुन्तै गर्नु पर्ने योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन गरी कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुलाई समर्थनका पेश भएको प्रस्तावको पूर्णपाठ तपसिल बमोजिम रहेको छ ।

सभाध्यक्ष ज्यू,
सभाध्यक्षज्यू को अनुमतिले चालु आ.ब. को बार्षिक स्वीकृत बजेटको परिधि भित्र रहेर तपसिल बमोजिमका अति आवश्यक तथा तुरुन्तै गर्नु पर्ने योजना तथा कार्यक्रमहरुमा निम्नानुसारको बजेट विनियोजन भई कार्यान्वयन भएको हुँदा कार्यपालिकाको उक्त निर्णयहरुको समर्थन सम्बन्धी प्रस्ताव सभा समक्ष प्रस्तुत गर्दछु ।

तपसिल:

| क्र.सं. | योजन तथा कार्यक्रमको नाम | बाँडफाँड भएको बजेट | कैफियत |
|---|---|---|---|
| १ | ढुम्बा खोलाको सिंचाई कुलो मर्मत | ३५,०००।- | |
| २ | छैरो छहरा गुम्बा मर्मत | १०,००,०००।- | |
| ३ | जोमसोम र पुथाङमा जडान भएको सीसीटिभी मर्मत | २,४१,०८०।- | |
| ४ | गाउँपालिकाको कार्यालय भवनको ब्लक बिचमा वाटरप्रुफिङ र रंरोगन गर्ने कार्य | ३,५२,६५३।४० | |
| ५ | नवप्रवर्तन साझेदारी कार्यक्रमको साझेदारी रकम | ३०,००,०००।- | |
| ६ | बेलीबृजको छैरो तर्फको पहुँचमार्ग निर्माण | ५२,९५०।- | |
| ७ | मार्फा फर्मखोला बाटो मर्मत | ७७,०१६।२८ | |
| ८ | ठिनी बाटो मर्मत | ५६,०११।८४ | |
| ९ | श्री सन्तोष परियारलाई राहत सहयोग | ४०,०००।- | |
| १० | पूर्व गन्धर्व सांस्कृतिक उत्थान समाजलाई आर्थिक सहयोग | ५०,०००।- | |
| ११ | शुभकामना मिडिया सोलुसन प्र.लि.लाई आर्थिक सहयोग (मुस्ताङ चिनारी गिती भिडियो) | १,००,०००।- | |
| १२ | कार्यालयको Energy retrofitting मर्मत | ५०,०००।- | |
| १३ | श्री सुकुन रसाइली वि.क.लाई महिला शसक्तिकरण एवम् राष्ट्रिय महिला उद्यमी सम्मेलन, काठमाण्डौमा स्थानीय उत्पादन प्रदर्शनी स्टलको भाडाको लागि सहयोग | ५०,०००।- | |

सिंह लालचन

घरपफोक्सोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

**कार्यसूची ८ बमोजिमको निर्णय :-**

यस घरपफोक्सोङ गाउँपालिका अन्तर्गत गाउँपालिकाको समग्र विकास कार्यमा, पर्यटन क्षेत्रहरुको प्रवर्द्धन सरसफाई लगायतका क्षेत्रहरुमा उल्लेख्य काम गरेका विभिन्न संघसंस्था तथा व्यक्तिहरुलाई दोसल्लाह ओढाई सम्मान गर्ने, नगद पुरस्कार र प्रशंसा-पत्र प्रदान गर्ने प्रस्तावित कार्यसूची बमोजिम सभाध्यक्ष श्री मोहन सिंह लालचनज्यू, प्रमुख अतिथि श्री माँया गुरुङज्यू, गाउँपालिका उपाध्यक्ष श्री जमुना थापा मगरज्यू र प्रमुख प्रशासकीय अधिकृत श्री भिम कुमार बस्नेतज्यूबाट संयुक्त रुपमा दोसल्ला ओढाउने, प्रशंसा-पत्र प्रदान गर्ने, अबिर लगाईदिने र नगद पुरस्कारको चेक हस्तान्तरण गर्ने कार्यक्रम सम्पन्न भयो । गाउँसभाध्यक्षज्यूको अनुमतिले गाउँपालिकाका कर्मचारी श्री आशिष भण्डारीले कार्यक्रमको सहजिकरण गर्नु भएको थियो ।

प्रशंसा-पत्र प्राप्त गर्ने संघसंस्था तथा व्यक्तिवहरुको नामावली यस प्रकार रहेको छ ।

| क्र.सं. | प्रशंसा-पत्र प्राप्त गर्ने संघसंस्था तथा व्यक्तिहरुको नामावली | पद/ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री मैना कुमारी गुरुङ |  | उत्कृष्ट महिला स्वास्थ्य स्वयं सेविका |
| २ | श्री सम्तेलिङ गुम्बा (श्री कर्म हिराचन) | मार्फा | सरसफाईमा उत्कृष्ट धार्मिक संस्था |
| ३ | श्री तिल बहादुर वि.क. | मार्फा | स्थानीय कला, संस्कृति, परम्पारगत बस्तुहरुको निर्माण तर्फ |
| ४ | श्री जनवाल माध्यमिक विद्यालय | मार्फा | सरसफाईमा उत्कृष्ट विद्यालय |
| ५ | श्री पुथाङ आमा समुह | पुथाङ | सरसफाई तथा पर्यटन सत्कार क्षेत्रमा उत्कृष्ट |
| ६ | श्री जोमसोम महिला समुह | जोमसोम | ,, ,, |
| ७ | श्री मिलिजुली टोल विकास संस्था | जोमसोम | ,, ,, |
| ८ | श्री ठिनी आमा समुह | ठिनी | ,, ,, |
| ९ | श्री देवराज पाण्डे | छैरो आ.वि. | उत्कृष्ट शिक्षक |
| १० | श्री सुशिलबाबु थकाली |  | पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याएका पत्रकार |
| ११ | श्री निरज थकाली |  | ,, ,, |
| १२ | श्री भिम बहादुर रसाइली |  | ,, ,, |
| १३ | श्री सुन्दर करमार थकाली |  | ,, ,, |
| १४ | श्री सुनदेवी रसाइली |  | ,, ,, |
| १५ | श्री सुनिल परियार | १ नं. वडा कार्यालय | उत्कृष्ट कार्यसम्पादन कर्मचारी का.स. तर्फ |
| १६ | श्री सुनिता पुन | मार्फा स्वा. चौकी | उत्कृष्ट कार्यर्सम्पादन स्वासथ्यकर्मी तर्फ |
| १७ | श्री कर्ण बहादुर थकाली | घरपफोक्सोङ गा.पा. | उत्कृष्ट कार्यसमम्पादन स्वास्थ्य सेवा तर्फ |
| १८ | श्री पाराश्वर सापकोटा | २ नं. वडा कार्यालय | उत्कृष्ट कार्यसम्पादन वडा सचिव |
| १९ | श्री बिन्दु परियार | घरपफोक्सोङ गा.पा. | उत्कृष्ट कार्यसम्पादन कर्मचारी का.स. तर्फ |
| २० | श्री सुस्मिता नेपाली | घरपफोक्सोङ गा.पा. | उत्कृष्ट कार्यसम्पादन सहायक स्तर कर्मचारी तर्फ |
| २१ | श्री केदार सिंह थापा | घरपफोक्सोङ गा.पा. | उत्कृष्ट कर्मचारी तर्फ |

**कार्यसूची ९ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूले कार्यसूची - ९ बमोजिम सभामा शोक प्रस्ताव प्रस्तुत गर्नु भयो ।

शोक प्रस्ताव सम्बन्धी व्यहोरा यस प्रकार रहेको छ ।

वि.सं. २०२७ बैशाख १५ गते बुबा तिल बहादुर लालचन र आमा धनदेवी लालचनबाट मार्फा गाउँमा जन्मनु

मोहन सिंह लालचन

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

भएकी स्वर्गीय सुकमाया हिराचन, यस गाउँपालिका २ नं. वडा कार्यालय, मार्फाका वडा अध्यक्ष श्री मनबहादुर हिराचन ज्यूको धर्मपत्नी यही मिति २०८३ बैशाख १९ गतेका दिन ५६ वर्षको उमेरमा हामीबाट भौतिक रुपमा यस संसारबाट विलिन हुनुभयो ।

यस वर्षमा हामीले हाम्रो घरपझोङ गाउँपालिका भित्रका अभिभावक गुमाउँदा गाउँपालिका परिवार अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । स्वर्गीय सुकमाया हिराचनप्रति कदर स्वरुप उहाँप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै शोक प्रस्ताव पारितको लागि प्रस्ताव गर्दछु।

शोक प्रस्ताव निर्णायार्थ पेश हुँदा सबै सदस्यहरुले हात उठाएर प्रस्तावको समर्थन गर्नु भएकोले उक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भए लगतै स्वर्गीय कमाया हिराचन प्रति श्रद्धासुमन अर्पण गर्न १ मिनट मौन धारण भयो।

**कार्यसूची १३ बमोजिमको निर्णय :-**

स्थानीय सरकारको ४ बर्षे कार्यानुभाव संगै स्वीकृत भएको आर्थिक बर्ष २०८३।८४ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभा सदस्यज्यूहरु लगायत घरपझोङ गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुका कर्मचारीहरुको अथक प्रयासको प्रशंसा व्यक्त गर्नु भयो र घरपझोङ गाउँसभाको १८औं अधिवेशनको बैठक सफल पार्न छलफलमा भाग लिनु भएका सबै गाउँसभा सदस्यहरुको सक्रिय सहभागिताका लागि धन्यवाद व्यक्त गर्नु भयो । साथै गाउँसभाको सफल व्यवस्थापनको लागि गाउँपालिकाका उपाध्यक्ष, कार्यपालिकाका सदस्यहरु, विभिन्न विषयगत समितिहरुका संयोजकहरु, सभाका सचिव एवंम् सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दै गाउँसभाको १८औं अधिवेशन समाप्त भएको घोषणा गर्नु भयो ।

मोहन सिंह लालचन
अध्यक्ष